# भाग-एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल चार जात छत्तिस वर्णको फूलबारी भएको कुरालाई नेपालमा भएका जातजाति, भाषाभाषी, आदिबासी, सम्प्रदाय, वर्ग र भेषभूषाहरूको विविधताबाट पुष्टि गर्न सकिन्छ । लोकतान्त्रिक आन्दोलन २०६२/०६३ पछिको सरकारले स्वीकृत गरेको राष्ट्रिय गान-

'सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भै फैलिएका मेची महाकाली
प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूको रगतले स्वतन्त्र र अटल
ज्ञान भूमि, शान्ति भूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुजाति, भाषा, धर्म, संस्कृति छ विशाल
अग्रगामी, राष्ट्र हाम्रो जय जय नेपाल ॥

उपरोक्त राष्ट्रिय गानमा सयौं थुंगा फूल, अनेक जाति भेषभूषाले नेपाल सबै जातको फूलबारी भएको जनाउँछ । नेपालका पहिलो समाजशास्त्री/मानवशास्त्री डोरबहादुर बिष्टले **सबै जातको फूलबारी** पुस्तकमा मेचीदेखि महाकालीसम्मका जातजाति, धार्मिक सम्प्रदाय, भेषभूषा, भाषाभाषीको संगम नेपाललाई बनाएका छन् ।

नेपालको इतिहासलाई हेर्दा पहिलो शासक गाईपाल्ने गोपालबंश, त्यसपछि भैसीपाल्ने महिषपालबंश, त्यसपछि लिच्छविबंश हुँदै समयचक्र व्यतत भएको पाइन्छ । यहाँ गोपालवँश पछि महिषपालबंशको शासन चलेबाट नेपाल शुरुदेखि नै विविध कालका राजाहरू हिन्दु र बौद्ध धर्मका अनुयाय भएको पाइनुले धार्मिक सहिष्णुता, समन्वयता प्राचीनकालदेखि नै रहेछ भन्ने बुझिन्छ । लिच्छविकाललाई **"स्वर्णयुग"** मानिएबाट सबै मिलेर बसेको प्रमाणित हुन्छ ।

हाम्रो देश नेपाल अनेकतामा एकता र विविध संस्कृतिको संगमले भरिपूर्ण भएको देश हो । हिन्दु वर्णाश्रम धर्मअनुसार जनै लगाउनेलाई **तागाधारी** र जनै नलगाउनेलाई **मतवाली** जातको तहमा बिभाजन गरेको पाइन्छ । Berman (1972) का अनुसार जात भनेको समाजको तहयुक्त आन्तरिक बिभाजन हो जसको सदस्यता स्थाय र पुर्ख्यौली हुन्छ । जात (Caste) समाजको बन्द प्रणाली (Cose System) हो । जात फेरबदल गर्न चाहेर परिवर्तन गर्न सकिदैन । गुरुङका सन्तान गुरुङ नै हुन्छन्, थारुका सन्तान थारु नै हुन्छन् ।

वि. सं १९१० को मूलुकी ऐनले मतवाली जाति अन्तर्गत राखिएको थारु जाति पूर्वदेखि पश्चिमसम्म तराईमा बसोबास गर्ने आदिबासी समुदाय हुन् । थारुहरूको बाहुल्यता पश्चिमी तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा छ । विष्ट (१९९७) का अनुसार नेपालमा थारुहरूको आगमन भारतको राजस्थानमा पर्ने **'थार'** बाट भएको र मुगल मुसलमानहरूको आक्रमणबाट बच्नको लागि सुरक्षित स्थान खोज्दै नेपाल पसेको कुरामा विश्वास गर्दै थारुहरू आफूलाई **'राजपुत'** बंश बताउँछन् ।

नेपालमा बसोबास गर्ने सूचीकृत भएका ५९ जनजाति मध्ये थारु जाति भित्री मधेश (Inner Terai) र तराई क्षेत्रमा बसोबास गर्ने प्रमुख आदिबासी जनजाति हो । थारुहरूको आफ्नै भाषा, संस्कृति, चालचलन र परम्परा रहेका छन् । जनजातिको जनसङ्ख्यामा मगर जाति पछि थारुहरू पर्दछन् । सन् १९६० को दशकतिर तराईमा मलेरिया उन्मूलन भएपछि थारुहरूको बाहुल्यता रहेको तराईमा पहाडबाट ब्राह्मण, क्षेत्री, ठकुरहीरू जस्ता शक्तिशाली परिवारको आगमन भई बसोबास बढ्दै गएपछि सोझा र मिहिनेती थारुहरू **'कमैया'** का रूपमा जमिन्दारहरूको काम गर्न थालेका हुन् (पाण्डे २०५९) । कमैया प्रथाको थालनी राणाकालमा विर्ता प्रथा र जमिन्दारी प्रथाबाट सुरु भएको पाइन्छ । मुगलकाल भन्दा पनि अघि मुहम्मद गोरी, मुहम्मद गजन्वी, तैमुरलंग, चँगेज खाँ, नादीर शाह आदि हिन्दुविरोधी लडाकुहरूबाट भएको आक्रमणबाट धर्मरक्षा गर्न थारुहरू राजस्थान तर्फबाट भारतको उत्तर प्रदेश र बिहार हुँदै नेपालको तराईमा प्रवेश गरेका हुन् । ग्वालाहरूको प्रदेश मानिने गुजरात र मध्यप्रदेशबाट पनि थारुहरू नेपाल भित्रिएका हुन् । कैलाली र कञ्चनपुरमा बस्ने राना थारुहरू राजस्थानबाट भित्रिएको प्रमाण उनीहरूको सांस्कृतिक परम्पराबाट बुझिन्छ । कठरिया थारु भारतको गुजरातमा पर्ने कठियाबाडबाट नेपाल पसेको बुझिन्छ (बमः २०६२) ।

जनजीवन विविधतामा आधारित छ । विभिन्न समूहहरू उप-प्रणाली (Sub System) को रूपमा एक आपसमा मिलेर रहेका छन् र सबैले सिंगो सामाजिक प्रणाली (Whoe System) लाई सञ्चालनका लागि संरचनागत र कार्यात्मक भूमिका खेल्दै आएका छन् । सामाजिक संरचनामा भेदभाव, ठूलो-सानो, धनी-गरिबको कारण शोषण भई असमानताको उत्पत्ति भएको छ । जातीय भेदभावलाई कानुनी रूपमा निषेध गरिएको भएतापनि कुप्रथा र रुढीवादी परम्पराहरू समाजमा अझै विद्यमान छन् । यस्तै कुप्रथा थारु जातिमाथि लादिएको कमैया प्रथा एक हो, जुन तत्कालीन श्री ५ को सरकारले २०५७ श्रावण २ गते अन्त्य गरिएको घोषणा गरेता पनि अवशेषका रूपमा अझै पाइन्छ । यो प्रथा दास प्रणालीकै एउटा अवशेष हो (बुढा : २०५९) ।

मुख्य पेसा कृषि भएका अत्यन्त मिहिनेती थारुहरू अधिकांश मोही किसानको रूपमा पाइन्छन् भने भूमिहीन थारुहरू बधुवा मजदुर अथवा कमैयाको रूपमा काम गर्न बाध्य छन् । गरिब र सोझा थारुहरूलाई शोषणबाट मुक्त गराउन र आफ्नो जातइ उत्थान गर्न थारु कल्याणकारी समाज, कमैया मुक्ति मोर्चा, Back Ward Society Education (BASE) जस्ता गैर सरकारी संस्थाहरूले कार्य गरिरहेका छन् । य संस्थाहरूलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने संस्थाहरू:INSEC, Grinso, RRN, Plan International, Lutharn World Service, Action Aid, Save the Children आदि छन् (भण्डारी, २०५७) ।

## थारु समुदाय र शिक्षा

शिक्षा समुदाय र राष्ट्रिय विकासको मेरुदण्ड हो, मुख्य साधन हो आधारभूत माध्यम हो त्यसैले देशका नागरिकहरूलाई शिक्षा प्रदान गर्नु राज्यको दायत्व हो र नागरिकहरूले शिक्षाको अवसर पाउनु अधिकार हो । Education for All, Eduction is birth right Eduction is human right जस्ता मान्यताहरूले शिक्षालाई मानव जीवनको महत्वपूर्ण अङ्ग (Part) को रूपमा लिइन्छ । प्रत्येक बालबालिकाको शारीरिक तथा बौद्धिक विकासका विभिन्न पक्षहरूमा गहन ध्यान पुऱ्याई उनीहरूमा सहि संस्कार विकसित गर्नु आवश्यक छ । ज्ञान, सीप र धारणामा परिवर्तन ल्याई समाजको एउटा सक्षम र आत्मनिर्भर नागरिकका रूपमा उभ्याउन र समाजले अपेक्षा गरेअनुरुपका आचरण प्रस्तुत गर्दै भविष्यमा राष्ट्रको सर्वाङ्गीर्ण विकासमा अग्रसर हुन उनीहरूलाई समयमा नै सही र आवश्यक शिक्षाको अवसर प्रदान गर्ने उचित व्यवस्था मिलाउनु पर्दछ । विश्वभरि नै शिक्षाले विकास कार्यक्रमहरूमा महत्वपूर्ण स्थान ओगटेको छ । शिक्षा महत्वपूर्ण, अनिवार्य, मानव अधिकारको विषय तथा भावी पुस्ताहरूलाई आफ्नो जीवनमा परिवर्तन ल्याउने औजारहरू उपलब्ध गराउने एक मात्र उपाय एवं माध्यम हो (प्रीटरसन, २००३) । शिक्षाले मानव जीवनमा महत्वपूर्ण साधनको रूपमा रही समाजलाई गतिशील बनाउँछ । ज्ञान मानिसको तेस्रो आँखा हो, जसले विश्वको सर्वाङ्गीर्ण पक्षहरूको जानकारी दिन्छ ।

नेपालको शैक्षिक इतहासलाई विश्लेषण गर्दा प्राचीन शिक्षा गुरुकुल,ऋषिकुल,देवकुल र पितृकुल प्रणालीमा आधारित थियो । त्यस समयमा ब्राहमणलाई शिक्षा लिने अग्राधिकार थियो । अरू जातिलाई खासै अवसर थिएन । यसरी **'जो होचो, उसैको मुखमा घोचो'** भने झैं समाजका तल्लो वर्ग, गरिब, आदिबासी, जनजाति, विपन्न र पिछडिएका वर्गहरू शिक्षा प्राप्तिको अवसरबाट ठगिदै, पछि पर्दै आएका छन् । सोही अनुरुप थारु समुदाय शैक्षिक अवसरबाट बञ्चित हुँदै आएको सुविधाविहीन (Disaventaged) समूह हो । थारु समुदाय अझैपनि

देशको मूल प्रवाहमा समायोजन हुन सकेको छैन । नेपालको अन्तरिम विधान २०६३ को भाग ३ को मौलिक हकमा २० वटा हकको व्यवस्था गरी समानता र शोषणरहीत समाजको मानियता अघि सारेको छ । भाग ४ राज्यको दायत्व र भाग ५ को राज्यको सिद्धान्त तथा नीतिहरूमा मौलिक हकहरूलाई अझ स्पष्ट पारेको छ ।

शिक्षा र विकास परिपूरक हुन् । थारु जातिको विकासका लागि शिक्षा अनिवार्य छ । मानिसमा आउने शैक्षिक स्तर, ज्ञान र चेतनाले संवाद गर्ने कला, विश्लेषणात्मक क्षमता र कार्यक्षमताको विकास गरी जीवनस्तर उकास्न सहयोग गर्दछ । हक र अधिकारको लागि लड्न सिकाउँछ र कर्तव्यप्रति सजक (Conscious) बनाउँछ ।

नेपालमा शिक्षाको विकास र सन्तोषजनक रूपमा भएको छैन । साक्षरता प्रतिशत ५८% जति भएबाट अझै ४२% जति जनता निरक्षरताको कालो भूमरीमा अल्झिएका छन् ।(CERID, 2002) को अध्ययनले नेपालका ६१ जाति मध्ये साक्षरताका आधारमा ४१ जातिहरू राष्ट्रिय स्तर (Standard) भन्दा तल (Ow) पर्दछन् । यसमा पनि जनजाति र आदिबासीहरूको अवस्था झनै दयनीय छ । यसले नेपालमा शिक्षा विकासका लागि गरिएका प्रयासहरूले लक्षित उद्देश्यहरू पूरा गर्न सकेका छैनन् भन्ने पुष्टि गर्दछ । शिक्षामा समानता र समता (Equality & Equity) नभएको जनाउँछ । शिक्षालाई UNO को मानव अधिकार सम्बन्धी घोषणा पत्रमा अधिकार (Right) का रूपमा व्यवस्था गरिएको छ । यह घोषणालाई कार्यान्वय गर्ने क्रममा सन् १९९० को थाइलैण्डको जोमतिनमा सम्मेलन र सन् २००० को सिनेगलको डकारमा सम्मेलन भई **"सबैको लागि शिक्षा"** (Education for All) लाई जोड दिएका छन् । UNESCO ले कार्यान्वयन गरिरहेको EFA Program अन्तर्गत सन् २०१५ सम्ममा पूरा गर्ने गरि ८ वटा सहस्राब्दी शिक्षाका लक्षहरू निर्धारण गरिएको छ । लक्ष्य नं. २ मा प्राथमिक शिक्षालाई जोड दिंदै-'TO Achieve universal primary Education, To ersure- That Boys & Girls comple to full Course of Primary Schooling' (काफले र विष्ट, २०६१) संसारका सबै बालबालिकाहरूले प्राथमिक शिक्षा पाउनु पर्छ र त्यसका लागि उनीहरूले प्राथमिक शिक्षाका तहगत उद्देश्यहरू हासिल गर्ने अवसरको ग्यारेन्टी हुनुपर्छ भनेको छ ।

थारु समुदायलाई शैक्षिक अवसरबाट पाखा लगाउने आर्थिक, सामाजिक, राजनैतिक तत्वहरू धेरै छन् । थारुहरू तराईका (अध्ययन क्षेत्रका) आदिबासी भएकामा दुईमत छैन तर उनीहरूको अवस्था दयनीय हुनुका पछाडि विभिन्न कारणहरू समस्याका रूपमा बाधक भएका छन् ।

## १.२ समस्या कथन

थारु समुदाय तराईका आदिबासी हुन् सुरुदेखि नै तराईका विभिन्न जंगल र फाँटहरूलाई खनजोत गरी उर्बर बनाई अन्न उत्पादन गर्ने **'धर्तीपुत्र'** (Land Son) हुन् । तराई क्षेत्रका अग्राधिकारी र हकवाला हुनुपर्ने थारुहरू अधिकांश भूमिहीन हुनु, आश्रित हुनु, अरूका कमैया हुनु बिडम्बना नै हो ।

**"निकाल्यौ हिरामोती बनायौ सुनका दरबार**
**न हामीलाई एक छाक रोटी न पायौं ओत लाग्ने घर**
**बगैंचामा फूलहरु हामीले फुलायौं**
**खेतैभरि धानका बाला हामीले झुलायौं**
**काठमाडौं र दिल्ली हाँस्छन् हाम्रै रगत माथि**
**संसारलाई सिंगार्ने हौं हामी निर्धन जाति"**

भने झै उत्पीडित र शोषित वर्गमा थारु समुदाय पिल्सिएको पाइन्छ । सन् १९५० मा जेनेभामा भएको शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा 'अविकसित देशमा प्राथमिक शिक्षालाई विश्वव्यापी, स्वतन्त्र र अनिवार्य गर्ने' गर्ने प्रस्ताव सन् १९६५ मा पाकिस्तानको कराँचीमा भएको एशियाली राष्ट्रको शिक्षा सम्बन्धी सम्मेलनमा **'निःशुल्क प्राथमिक शिक्षा'** (FPE) को घोषणा, सन् १९९० मा थाइलैण्डको जोमतिनमा भएको शिक्षा शिखर सम्मेलनमा **'सबैका लागि शिक्षा'** (EFA) को घोषणा र सन् २००० मा सिनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चको सम्मेलनमा 'सबैको लागि शिक्षा' (EFA) को प्रतिबद्धतालाई पुनः दोहोऱ्याउँदै सन् २०१५ सम्ममा सबैलाई शिक्षा दिने **'डकार कार्यढाँचा'** (Dakar Frame Work) को सोच अगाडि सारियो । यसमा ६ वटा लक्ष्य र १२ वटा नीतिहरू तय गरियो । नेपालले एक लक्ष्य थप गरी सातौ लक्ष्यमा : जनजाति, आदिबासी र पृथक भाषाका अल्पसंख्यक जनताले आफ्ना-आफ्ना मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने राखेको छ (काफ्ले र विष्ट २०६१) ।

उपरोक्त घोषणा प्रतिबद्धता, कार्यढाँचा, लक्ष्य र नीतिहरू भएतापनि विकासोन्मुख मूलुकहरूमा शिक्षाको सर्वव्यापीकरण (Universalization) चुनौतीको रूपमा विद्यमान छ । त्यसमा पनि आदिबासी, जनजाति र सुविधाबिहीन वर्गको अवस्था नेयून (Ow) छ । सोही अनुरुप नेपालका थारु समुदाय शिक्षामा पछाडि परेका छन् । सुविधाविहीन (Dis Advantaged) समूहलाई उत्प्रेरणा दिने विशेष अवसरका कार्यक्रम (Equitable program) हरू छात्रवृत्ति, तेल, पौष्टिक आहार, पाठ्यपुस्तक र शैक्षिक सामग्री, आरक्षणको व्यवस्था गरेता पनि थारु समुदायले अपेक्षाकृत उपलब्धि हासिल गरेको पाइदैन । य

कार्यक्रमहरूले किन प्रभाव पार्न सकेन ? किन सबैलाई समेट्न सकेन ? यस भित्र के कस्ता मुद्दा (Issue) हरू छन् ? के के समस्याहरू छन् ? अरू समुदाय र थारु समुदाय बीच शिक्षाप्रतिको अवधारणा के छ ? अवधारणामा किन अन्तर पर्‍यो ? समस्या समाधनको उपायहरू के के हुन सक्छन् ? भनी अध्ययन गर्नका लागि शोधपत्रको शीर्षक **'थारु जातिको शैक्षिक अवस्था'** छनौट गरिएको छ ।

कृषिलाई मुख्य पेसा अङ्गालेका थारु जातिको वर्तमान साक्षरता दर ४५% जति छ, जुन राष्ट्रिय दरभन्दा धेरै कम छ (आचार्य, २०६४) । थारुहरू राजनैतिक, आर्थिक, प्रशासनिक र शैक्षिक क्षेत्रमा पछाडि पारिएका छन् (दहित, २०६२) । बर्दिया जिल्लामा टेस्टपास गर्ने थारु विद्यार्थीहरू जम्मा ५ हजार जति देखिन्छ, जुन बर्दियामा भएको थारु जनसङ्ख्या २,०१,२७६ को २.५% जति मात्र हुन्छ (थारु शैक्षिक दर्पण, २०६२) ।

उपरोक्त पक्षहरूको सूक्ष्म-अध्ययन (Micro-Study) र कारण-प्रभावको (Cause & effect) अध्ययन गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू निर्माण गरिएको छ -

१) के थारु जातिको शिक्षाप्रतिको विद्यमान दृष्टिकोणले थारु बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पारेको छ ?

२) के थारु जातिको सामाजिक, आर्थिक, सांस्कृतिक तथा बंशानुगत कारणले उनीहरूको शिक्षाको पहुँचमा असर पारेको छ ?

३) कति मात्रामा थारु बालबालिकाको सिकाई सक्षमता र विद्यालय वातावरण बीच समायोजन/सहजीकरण हुन सकेको छ ?

४) के थारु समुदायको शैक्षिक अवस्था सुधार गर्न गैर सरकारी संस्थाहरू लागि परेका छन् ?

य र यस्तै प्रश्नहरूको, जिज्ञासाहरूको खोजी गर्न **'थारु जातिको शैक्षिक अवस्था'** शोधपत्रको शीर्षक विषयवस्तु छनौट गरिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

प्रत्येक कार्यका निश्चित उद्देश्य हुन्छन् । उद्देश्य बिनाका क्रियाकलापहरू अव्यवस्थित र असंगठित हुनुका साथै अपेक्षित प्रतिफल प्राप्त गर्न सफल हुँदैनन् । उद्देश्यले अनुसन्धान कार्यलाई अगाडि बढाउन निर्देशन दिने काम गर्छ । यस शोधपत्रको अध्ययनलाई अगाडि बढाउन निम्न लिखित उद्देश्यहरू राखिएको छ -

१) थारु जातिको शैक्षिक अवस्थाको पहिचान र विश्लेषण गर्नु,

२) थारु जातिको सामाजिक अवस्था र शिक्षाको सम्बन्ध उल्लेख गर्नु ,

३) थारु जातिको शैक्षिक समस्याहरू पत्ता लगाउनु,

४) थारु जातिको शैक्षिक समस्याहरू समाधानका सम्भावित उपायहरू खोजी गर्नु, ।

## १.४ अध्ययनको महत्त्व

आर्थिक, समय र श्रम लगानी गरेर गरिने अध्ययनको प्रतिफल (outcomes) ले समाजका सबै क्षेत्रहरूलाई सकारात्मक योगदान दिन सक्नुपर्दछ । यसबाट प्राप्त हुने प्रतिफलको औचित्य र असरहरूको समष्टि नै अध्ययनको मह**त्त्व**बाट थाहा हुन्छ । अपेक्षित उपलब्धिहरूको प्रयोगबाट अधिक फाइदा पुग्ने कुरामा अध्ययनको महत्व र औचित्य प्रष्ट हुन्छ । यस अध्ययनका मह**त्त्व**हरूलाई निम्नानुसार बुँदामा सूचीकृत गर्न सकिन्छ-

१) शिक्षाको राष्ट्रिय उद्देश्यअनुसार पिछडिएका समुदायलाई मूलधारमा समावेश गराउन र तिनीहरूमा भएको अन्तरनिहीत प्रतिभाको प्रष्फूटन गराई स्वावलम्बी र आत्मनिर्भर जनशक्ति उत्पादन गर्न यो अध्ययनले राष्ट्रिय नीति-निर्माताहरूलाई सहयोग गर्नेछ ।

२) थारु समुदायका साथै आदिबासी, जनजातिहरूका बारेमा जानकारी राख्न चाहने सरकारी तथा गैर सरकारी क्षेत्रहरूलाई आवश्यकताअनुसार जानकारी दिलाउने छ ।

३) थारु जातिका शैक्षिक समस्यासँग सम्बन्धीत सामाजिक, आर्थिक, राजनैतिक समस्याहरू पहिचान गरी उपयुक्त निष्कर्ष निकाल्न सरोकारवाला पक्षहरूलाई सहयोग मिल्ने छ ।

४) शैक्षिक पहुँच र अवसरका सम्भावनाहरूलाई लक्षित समूहका बीचमा पुऱ्याउन सहयोग गर्ने छ ।

५) थारु जातिमा शिक्षाप्रति सकारात्मक धारणा सिर्जना गर्ने अनुकूल वातावरण निर्माण गर्न सहयोग गर्ने छ ।

६) स्थानीय, जिल्ला, क्षेत्रीय र राष्ट्रिय कार्यक्रम र योजना तर्जुमा गर्न सहयोग गर्ने छ ।

७) 'सबैका लागि शिक्षा' (EFA) कार्यक्रमका उद्देश्यहरू पूरा गर्नका लागि शिक्षामा सङ्ख्यात्मक र गुणात्मक (Quantitative & Qualitative) विकास गर्न सहयोग गर्ने छ ।

८) थारु समुदायका साथै अरू आदिबासी र जनजातिहरूका अध्ययन गर्ने, अनुसन्धान गर्ने विद्यार्थीहरूका लागि सन्दर्भ-सामग्री हुनेछ ।

९) राज्यले शिक्षामा गरेको लगानीको प्रभाव र उपयोगको लेखाजोखा एवं मूल्याङ्कन गर्न सहयोग गर्ने छ ।

१०) थारु अभिभावकहरूमा शिक्षा प्रतिको चेतना वृद्धि गरी विद्यालय भित्र र बाहिरका समस्याहरूलाई समायोजन एवं समन्वय गर्न सहयोग गरी विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउन सहयोग गर्ने छ ।

### १.५ अध्ययनको संगठन

यस शोधपत्रलाई विषयवस्तुको प्रकृति, अध्ययनका आधार र प्रस्तुतीकरणलाई सरल एवं उद्देश्यमूलक बनाउन जम्मा ६ वटा भागमा संगठित गरिएको छ । पहिलो भागमा परिचय अन्तर्गत पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य र अध्ययनको मह**त्त्व** राखिएको छ । दोस्रो भागमा सान्दर्भिक साहित्यको समीक्षा र सम्बन्धीत पूर्व अध्ययनको समीक्षा गरिएको छ । तेस्रो भागमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट र पुष्टि, जम्मा जनसङ्ख्या र नमुना छनौट, तथ्याङ्कका प्रकार र स्रोत, तथ्याङ्क सङ्कलनका विधि एवं साधन, अध्ययनको सीमा, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रियालाई संगठित गरिएको छ । चौथो भागमा अध्ययन क्षेत्रको परिचय अन्तर्गत भौगोलिक क्षेत्रको अवस्था, प्राकृतिक स्रोत, सामाजिक-सांस्कृतिक अवस्था, हावापानी, पेसा, धर्म, आर्थिक विकासको अवस्था र सम्भावना, जनसांख्यिकइ बनोट राखिएको छ । पाँचौ भागमा तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण उद्देश्यलाई पूरा गर्ने गरी श्रृङ्खलाबद्ध गरिएको छ । अन्तिम छैठौं भागमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू राखिएको छ । त्यसपछि अध्ययनको क्रममा सहयोग लिइएका, हेरिएका, प्रयोग गरिएका सन्दर्भ सामग्रीहरूको सूची र अध्ययनसँग सम्बन्धीत अनुसूचीहरू राखिएको छ ।

# भाग-दुई
# सान्दर्भिक साहित्यको समीक्ष

## २.१ थारु जाति आगमनका ऐतिहासिक मान्यताहरू

नेपालको तराई र भित्री मधेशमा आदिबासीका रूपमा बसोबास गर्दै आएका थारु जातिको नेपाल आगमनका ऐतिहासिक मानियताहरू र **'थारु'** नामकरणका सम्बन्धमा विभिन्न आलेख, भनाई र मानियताहरू पाइन्छन् । केही मानियताहरू निम्नानुसार छन् -

**(क)** थारुहरू भारतको ग्वाला (गोठाला) हरूको क्षेत्र मानिने गुजरात र मध्य प्रदेशबाट गाई, गोरु चराउँदै नेपालको तराई क्षेत्रमा भित्रिएका हुन् भन्ने मानियता छ । चरनीयोग्य घाँस भएका फाँट, मैदानहरूमा बस्ती विस्तार गर्दै जाँदा नेपालसम्म आइपुगे । थारुहरू कृषिमा आधारित र वन जंगलमा आश्रित आएकोले र कृषिका लागि गोरु, राँगा , मलखाँद चाहिने भएकोले सबै थारु परिवारमा धेरै संख्यामा गाई, गोरु, भैसी, राँगाहरू पालेका हुन्छन् । यसरी पालिएका लालाबालाहरू जंगलमा लगि चराउने ग्लाला (गोठाला) को काम थारुहरूको मुख्य पेसा हो । थारु केटाकेटीहरूले जमिनदार र साहुहरूका घरमा ग्वाला (गोठाला) का रूपमा काम गरिरहेको पाइन्छ । यसबाट थारुहरू दक्षिणतिरबाटै आएको मानियतालाई सत्य र प्रमाणित मान्न सकिने आधार पाइन्छ (बम, २०६२) । यसलाई धार्मिक रूपमा पनि पुष्टि गर्न खोजिएको छ, श्री कृष्णका नातिलाई काठमाडौंका राजा वाणा सुरकी छोरीले अपहरण गरी ल्याएकी र निजलाई छुटाउन श्री कृष्ण ग्वालाहरूसहित नेपालमा आएका र ग्वालाहरूले नेपालको तराई भू-भागलाई उर्वर र बसोबास योग्य मानी यही बसोबास गरेको धार्मिक एवं ऐतिहासिक मानियता पाइन्छ (बम, २०६२)। यसलाई पुष्टि गर्ने आधारहरूमा थारुहरू ग्वालाका रूपमा आएकोले अहिलेसम्म यो पेसा अँगाली रहेका छन् , कृष्णसँग आएकाले उनीहरूले नाँचगानमा कृष्णगाथा गाउने, कृष्णको प्यारो मयुरका प्वाँख प्रयोग गर्ने, घरमा कृष्णका मुर्तिहरू बनाउने जस्ता सांस्कृतिक एवं धार्मिक पक्षहरूलाई मान्न सकिन्छ ।

**(ख)** भारतको **'राजस्थान'** र **'थार'** प्रदेशमा राजपुतबंशको बसोबास भएको मुगल सम्राटको समयमा मुगलबंशका मुस्लिमहरूले राजस्थान र थार प्रदेशका राजपुतहरूमाथि आक्रमण गरे । आक्रमणमा पुरुषहरूको मृत्यु भयो र राजपुत महिलाहरू आफ्ना नोकरहरूका साथमा सुरक्षित स्थानको खोजी गर्दै उत्तरतिर लागे । हिमालको काख नेपालको तराईमा आउँदा त्यहीं बसोबास गर्ने निर्णय गरी नोकरहरूसँगै बसोबास गर्न थाले । सँगै बस्दा राजपुत महिला र नोकरहरूबीच शारीरिक सम्बन्ध

कायम भई सन्तानोत्पादन भयो । आफ्नो मूलथलो राजस्थान र थार भएकोले सन्तानहरूलाई **'थारु'** नामकरण गरे र थारुहरूको बस्ति विस्तार हुँदै गयो (भण्डारी, २०५७) । थारुहरूले आफ्ना पुर्खाहरू भारतबाट आएको र आफूहरू राजपुत बंश भएको विश्वास गर्दछन् । महिला नोकरसँग बसोबास गरेको र सन्तानोत्पादन भएको कुरा थारु परिवारमा विद्यमान मातृसत्तात्मक ढाँचा र निर्णयमा महिलाहरूको (श्रीमतीको) बाहुल्यतालाई लिन सकिन्छ । राना थारुहरूमा श्रीमतीले श्रीमानलाई खाना खान दिंदा खुट्टाले घिसारेर दिने चलन, श्रीमान् भन्दा श्रीमतीको उमेर बढी भई महिलाहरू परिपक्क, घरका मूली हुनु र हिन्दु संस्कार अनुसार श्रीमान्लाई आदर, मान नगरेको पाइनुले यो मानियतालाई पुष्टि गर्दछ । विवाह गर्दा केटीले केटा छनौट गर्न पाउने स्वतन्त्रता, केटीको निर्णयको बाहुल्यता र श्रीमतीले मन नपरेमा जुनसुकै बेलापनि श्रीमान छोड्न पाउने छुटले थारु समुदायमा महिलाको बाहुल्यता भई मातृसत्तात्मक ढाँचाको पारिवारिक संरचना भएको स्पष्ट हुन्छ ।

माथिको ऐतिहासिक मानियताहरूलाई थारु जातिको वनजंगलमा घुम्ने, यथास्थितिमा खुसी र सन्तोष मान्ने, मनोरञ्जन र खानपीनमा धेरै खर्च गर्ने र धेरै समय बिताउने, आफूहरूलाई आश्रित रूपमै स्वीकार्ने, मालिक र जमिन्दारको आदेशलाई सजिलैसँग खुरुखुरु पालना गर्ने जस्ता थारु जातिमा पाइने संस्कार र सोचाइबाट पनि पुष्टि गर्न सकिन्छ । उनीहरूले आफूलाई श्री कृष्णसँग आएका **'ग्वाला'** र राजपुत महिलासँग आएका **'नोकर'** कै रूपमा बुझिरहेका छन्, आत्म निर्भर बन्ने अग्रगामी सोच आउन सकिरहेको पाइँदैन । नेपालमा आएका राजनैतिक आन्दोलन र सरकारको **'कमैया मुक्ति'** को घोषणा पछि थारु समुदाय शोषणका विरुद्ध, अधिकार प्राप्तिका लागि संगठित भई आवाज उठाइरहेका छन् ।

## २.२ थारु जाति र कमैया प्रथा

थारु जाति नेपालका आदिबासी र वास्तविक **'धर्तीपुत्र'** (Landson) भएता पनि अहिलेसम्म उनीहरूको व्यवस्थित बसोबास, मजबुत/सुदृढ आर्थिक अवस्था हुन सकेको छैन । अधिकांश थारुहरू भूमिहीन र सुकुम्बासीको समस्यामा रुमलिईरहेका छन् । जमिनदार र मालिकका नोकरका रूपमा कमैया, बधुवा मजदुर भई शोषित भईरहेका छन् । त्यसैले थारु जाति र कमैया प्रथा अन्तरसम्बन्धीत शब्द हुन् । कमैया प्रथाको अध्ययन गर्दा सन् १९६० को दशकतिर समाजशास्त्री/मानवशास्त्रीहरूले प्रकाशमा ल्याए र विभिन्न संघसंस्थाहरूले खोजीनीति गर्न थाले । यी संस्था र अनुसन्धानकर्ताहरूले कमैया प्रथाको परिभाषा र अर्थ दिन थाले (बुढा, २०५९) । जुन परिभाषाहरू निम्न छन् -

- **शर्मा,(१९९९)**-'बाँधाश्रम त्यस्तो श्रम हो, जो अरूका लागि गरिन्छ । बाँधाश्रम नेपालको पश्चिमी तराईमा रहेको छ, जुन पूर्वी तराईको कृषि श्रम भन्दा फरक छ । नेपालमा कमैया प्रथाको सुरुवात सन् १९५० को दशकमा दाङबाट शुरु भएको मानिन्छ । त्यसपछि बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा विस्तार हुँदै गएको पाइन्छ । तराईमा मलेरिया नीयन्त्रण हुनु अगाडि थारुहरू कठिन अवस्थामा मलेरियाको प्रकोप र जंगली जनावरहरूको खतरासँग संघर्ष गर्दै आफ्नो आवश्यकताअनुसार जमिनमा खेतीपाती गरेर बसिरहेका थिए तर भूमिमाथि कानुनी अधिकार र स्वामित्व थिएन । साठीको दशकमा मलेरिया नीयन्त्रणमा आएपछि सरकारले पुनर्वासको व्यवस्था गरी कर्मचारी, सैनिक र आसेपासे आफन्तहरूलाई जग्गा वितरण गर्‍यो । त्यसपछि टाढाबाढा र चलाख मानिसहरू पहाडबाट उर्बर भूमि तराईमा बसाई सर्न थाले, जसले गर्दा जमिनको स्वामित्व गैर-थारुहरूको हातमा पर्‍यो, धर्ती खन्ने कठिन अवस्थामा बस्दै आएका थारुहरू भूमिहीन हुँदै गए । जीविकोपार्जनको लागि थारुहरूले जमिनदारको काम गर्न थाले, आवश्यक पर्ने पैसा ऋण लिन थाले फलस्वरुप थारुहरू पछि आएका गैर-थारु जमिनदारहरूको अधीनमा बस्न बाध्य भए । कमैया बस्ने, जमिन अधियामा लगाउने र मजदुरी गरेर जीवन निर्वाह गर्न थाले । यसरी थारुहरूको आर्थिक अवस्था नाजुक हुँदै गयो जसको प्रत्यक्ष असर शिक्षा, राजनीति र अरू अवसरमा परी सबै क्षेत्रबाट पछाडि पर्दै गए ।
- **नेपाली वृहत शब्दकोष,** (२०४०) 'नगद वा जिन्सी लिएबाफत सो तिरी नसकुन्जेल नोकरी गर्न, काम गर्ने कबोल गरी बसेको व्यक्त कमारो हो ।'
- **इन्सेक,** (१९९१) 'कमैया एउटा श्रमिक हो जो एक्लै वा परिवारसँग मिलेर कडा परिश्रम र मिहिनेत गर्दछ । यस वाफत उसले श्रम अनुसारको पारिश्रमिक पाउँदैन ।'
- **इन्सेक,** (२०५६) 'संयुक्त राष्ट्रसंघको दासत्व दास उन्मूलन सम्बन्धी पुरक महासन्धी (१९५७) ले बाँधा बन्नुको अर्थ अनिय व्यक्तको अधीनमा, अरूको जग्गामा परम्परा वा सहमतिद्वारा श्रम गर्न तथा बिना पारिश्रमिक सेवा प्रदान गर्न बाध्य र अधीनमा रही स्वतन्त्र नभएको कृषकको अवस्था भनेर परिभाषित गरिएको छ ।'
- **रबर्टसन र मिश्र,** (१९९७) 'नेपालमा कृषिमा प्रयोग गरिने श्रम स्थान अनुसार फरक फरक प्रकृतिको छ । कमैया प्रथा बाँधाश्रम हो । कमैया माथिको ऋणले नै उसलाई मालिक कहाँ बस्न बाध्य पार्दछ, उसको किनबेच गरिने बस्तु सरह मूल्य समेत निर्धारण गरिन्छ । जमिनदारहरूले चल सम्पत्ति जस्तै किनबेच गर्दछन् ।'

➢ **जिफन्ट ,**(२००१) 'अरू खाले कृषि श्रम र कमैयाका बीचमा पाइने भिन्नतामाः अरू खाले कृषि श्रमको पारिश्रमिक बजार दर अनुसार घटबढ हुन्छ, श्रमिकले आफ्नो इच्छाअनुसार काम गर्दछन् जुनसुकै काम गर्न पनि स्वतन्त्र हुन्छन्, व्यक्तपिच्छे काम अनुसारको उचित ज्याला पाउँछन् भने कमैयाहरूले एउटै मालिकको घरमा अनुबन्धित भएर, बाध्य भएर काम गर्नु पर्दछ, अनैयत्र काम गर्ने स्वतन्त्रता हुँदैन, कमैयाका सबै परिवारहरू मालिकको घरमा अह्राएको काम गर्न बाध्य हुन्छन्, काम र मिहिनेत अनुसारको पारिश्रमिक पाउँदैनन् । मालिकबाट लिएको ऋण भुक्तानी नगर्दा सम्म पछिल्ला पुस्ताहरू कमैयाकै रूपमा बस्नु पर्दछ ।'

## २.३ थारु सम्बन्धी पूर्व अध्ययनहरूको समीक्ष

थारु जाति नेपालका आदिबासी भएपनि यनीहरूको सामाजिक, आर्थिक राजनैतिक तथा शैक्षिक पक्षहरूको खोजी र अध्ययनअनुसन्धान वि.सं.२०४० को दशकबाट त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहको 'शोधपत्र (Thesis) कार्य पूरा गर्ने नेपालको पहिलो समाजशास्त्री/मानवशास्त्री डोरबहादुर विष्ट (१९६७) 'सबै जातको फूलबारी' र दोर्णप्रसाद रजौरइा (१९७७) 'दाङ देउखुरीका थारु जातिको मानवशास्त्रइ अध्ययन' सुरुका अध्ययन कर्ता मानिन्छन् । त्यसपछि थारु जाति सम्बन्धी अध्ययनअनुसन्धानहरूको संख्या थपिन थाल्यो । यो शोधपत्र तयार गर्ने क्रममा उपलब्ध भएका थारु जाति सम्बन्धी अध्ययनअनुसन्धान गरिएका निम्नलिखित पूर्व अध्ययनहरूको समीक्षा गर्ने प्रयास गरिएको छ -

(क) **आचार्य, उत्तमप्रसाद** (२०६१) को सुर्खेत जिल्लामा गरिएको थारु जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी अध्ययनमाः थारु जातिलाई आफ्नै भाषा, संस्कृति र चालचनल भएका परिश्रमी, इमान्दार र सोझो आफ्नै पहिचान भएको नेपालको आदिबासीका रूपमा परिभाषित गरिएको छ । भित्री मधेश र तराईमा बसोबास गर्ने थारुहरू सुर्खेतको उत्तरगंगा, लाटीकोइली र जर्बुटा गाविस मा वि.सं. १०५० देखि दाङ जिल्लाबाट बसाई सराई गरी आएको अध्ययनबाट पाइन्छ । यनीहरूमा औलो र शीत सहन गर्न सक्ने क्षमता भएकोले अरू जाति बस्न नसक्ने सुर्खेत उपत्यकामा बसेकाले पूराना जातिका रूपमा चिनिन्छन् । थारु जाति आदिबासी भएर पनि अनैय जातिका तुलनामा शैक्षिक लगायत अनैय अवसरहरूमा पछाडि परेका छन् । अध्ययनले थारु बालबालिकाको भर्ना र सफलता सन्तोषजक देखाएको छ । थारु बालबालिकाको विद्यालय शिक्षामा सहभागिता बढ्दै गएको देखाएको छ । अनौपचारिक शिक्षाको विस्तार, बाल विकास केन्द्र सञ्चालन, पारिश्रमिक आहार कार्यक्रम, छात्रा उत्प्रेरणा

कार्यक्रम तेल वितरणले सहभागितामा छात्र-छात्रामा खासै अन्तर देखिएको छैन । अध्ययनले तल्ला कक्षाहरूमा बढी सहभागिता र माथिल्ला कक्षाहरूमा सहभागिता घट्दै गएको देखाएको छ । यसका कारणहरूमा गरिबी, संस्कार, बालश्रमलाई औंल्याइएको छ । अभिभावकहरूमा अशिक्षाका कारण शिक्षाप्रति चेतना र सकारात्मक धारणाको विकास नभएकोले बालबालिकाहरूमा त्यसको प्रत्यक्ष असर पर्दछ । विद्यालयमा थारु जातिका शिक्षक नभएकोले भाषागत समस्या पर्दछ । थारु जाति माथि हुने शोषण र थारुहरूको भाग्यवादी चिन्तन समस्याको रूपमा रहेको छ । उपरोक्त समस्या समाधानका उपायहरूमा अभिभावकका लागि सचेतनामूलक कार्यक्रम, सहुलियत ऋणको व्यवस्था, कृषिमा आधुनिकीकरण, थारुजातिलाई शिक्षक नीयुक्तिमा प्राथमिकता, बालश्रम विरुद्धका कानुनलाई कडाइका साथ लागु गर्नुपर्ने, सकारात्मक र सचेतामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, आरक्षणको व्यवस्था जस्ता पक्षहरू पहिल्याइएको छ ।

(ख) **आचार्य, बालकृष्ण** (२०६४) को बर्दिया जिल्लामा गरिएको प्राथमिक तहमा थारु जातिका बालबालिकाको सहभागिता सम्बन्धी अध्ययनमा : मातृभाषामा शिक्षा पाउने अवसर प्राप्त नहुँदा शैक्षिक उपलब्धि नियून हुने, थारु शिक्षकहरूको अभावले थारु बालबालिकाको भावना र चाहना बुझ्न नसकिएको, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ जस्ता व्यवस्थापनका पक्षमा थारु जातिको पहुँच नियून भएको,थारु विद्यार्थीहरूको उपलब्धि र प्राप्ताङ्क गैर-थारु विद्यार्थीको तुलनामा नियून भएको र राष्ट्रिय मापदण्ड भन्दा नियून भएको देखाइएको छ । समस्या समाधानका लागि सुझाइएका पक्षहरूमा थारु जाति र बालबालिकालाई विशेष अवसर (Equity) र आरक्षण (Quota) दिनुपर्ने, शिक्षाका विभिन्न व्यवस्थापकइ पक्षहरूमा थारु अभिभावकको पहुँच बढाउने, मातृभाषामा शिक्षा दिनुपर्ने, ऐन-नियम र घोषणाहरूलाई पालना गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्रमा थारुहरूको बाहुल्यता (५४%) हुँदाहुँदै पनि शिक्षामा पहुँचको अभाव स्रोतहरूमा नीयन्त्रणको अभाव, अवसरहरूमा सहभागिताको कमी भएको उल्लेख गरिएको छ । प्राथमिक उमेरका ६२% बालबालिका मात्र विद्यालय जाने गरेको देखाएको छ, राष्ट्रिय स्तरमा प्राथमिक तहको शुद्ध भर्ना दर (NER) ८२% छ । विद्यालय उमेरका थारु बालबालिकाहरू बालश्रमिकको रूपमा घरेलु कामदारमा बस्न बाध्य हुनु परेको औंल्याइएको छ । थारु विद्यार्थीहरू विद्यालयमा कम उपस्थिति हुनु, कक्षा क्रियाकलापहरूमा लाज मान्ने, डराउने जस्ता व्यवहार पाइएको देखाएको छ । घरायसी कामको कारण गृहकार्य पूरा नगर्ने, गैर-थारु उच्च जातिका भनीने बालबालिकाहरूसँग घुलमिल हुन हिच्किचाउनाले अतिरिक्त क्रियाकलापमा

अभिरुचि कम देखाउनु, कक्षामा पछाडि बस्नु, शिक्षकहरूसँग प्रश्न सोध्न डराउने जस्ता व्यवहारहरू उल्लेख गरिएको छ । आर्थिक अभावका कारण शैक्षिक सामग्री र विद्यालय पोशाक किन्न नसक्दा विद्यालय नै छोड्नुपर्ने, छात्राको लागि छुट्टै शौचालय नहुँदा छात्राहरूमा समस्या देखिने पक्षहरू उल्लेख गरिएको छ ।

पाठ्यक्रममा आधारित आदेशमूलक शिक्षा पद्धति (Autoritarian Education System) हुनु, औपचारिक शिक्षाबाट प्राप्त ज्ञान व्यावहारिक र दैनिक समस्यासँग सम्बन्धीत नहुनु, थारु बालबालिकाहरू परीक्षामा असफल भइरहनु थारु जातिका लागि शिक्षा प्राप्तिका बाधक तत्व देखिएका छन् । थारु जाति शारीरिक रूपमा परिश्रमी, मिहिनेती, परम्परागत काममा सिपालु भएता पनि औपचारिक दिमागको काम (Mind Work) मा पछाडि पर्नुमा उनीहरूमा रहेको आत्म-बलको कमी र हिनभावना मुख्य समस्याका रूपमा रहेको थारु शिक्षकले प्रतिक्रिया दिइएको अध्ययनले देखाएको छ । **गोपाल दहित** बर्दियाको थारु जातिको पहिलो स्नातकोत्तर गर्ने जनशक्ति भएका र उनले थारु समुदाय भित्रै रहेको यथास्थितिमा रम्ने, खानपिनमा मस्त हुने र आत्मबलको कमीले हिनभावना (Infarity) हुने जस्ता आन्तरिक समस्याहरू थारु समुदायको विकासको बाधक रहेको प्रतिक्रिया दिएको उल्लेख गरेका छन् ।

अध्ययनले समस्या समाधानका उपायलाई सुझावका रूपमा विद्यालयिय शिक्षा माध्यमिक तहसम्म निःशुल्क हुनुपर्ने, विशेष अवसरमा समातामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, पोशाक, शैक्षिक सामग्री उपलब्ध गराउनुपर्ने, गैर-थारु र थारु बालबालिकालाई विभेदरहीत समाहित शिक्षा (Inclusive Education) को वातावरण सिर्जना गर्ने, थारु अभिभावकहरूलाई आर्थिक स्तर उकास्ने आयमूलक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, थारु अभिभावकहरूलाई सबै क्षेत्र र अवसरहरूमा सहभागी गराउनुपर्ने, थारु शिक्षकहरूलाई प्राथमिकता दिई मातृभाषामा शिक्षाको अवसर दिनुपर्ने, विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउन समन्वयात्मक, सहयोगात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ ।

(ग) **बम,कीर्तिसिंह** (२०६२) को कैलालीमा गरिएको मुक्त थारु कमैयाहरूका बालबालिकाहरूको प्राथमिक तहमा सहभागिता सम्बन्धी समस्या विषयक अध्ययनमा थारु बालबालिकाको विद्यालय सहभागितामा नियूनता रहेको, विद्यालयमा तोकिएको उमेर-समूह भन्दा बढी उमेरका बालबालिकाहरू अध्ययनरत रहेको, बालबालिकाहरूको विद्यालय नियमततामा कमी रहेको विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने दर उच्च रहेको, थारु अभिभावकहरूमा साक्षरताको कमी जस्ता पक्षहरूलाई चिन्ताजनक भएको उल्लेख गरिएको छ । बालश्रम, आर्थिक अभाव,

परम्परावादी संस्कार, शोषण र उत्पीडनलाई उपरोक्त समस्याका कारक तत्वहरू ठहऱ्याइएको छ ।

उपरोक्त समस्याहरू समाधान गर्ने उपायहरूमा अनौपचारिक शिक्षा र चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, सरकारी-गैरसरकारी र स्थानीय समुदायको संयुक्त र समन्वयात्मक सहयोगमा एकीकृत कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, थारु समुदाय विशेष गरी कमैयाहरूलाई आयमूलक र सीपमूलक कार्यक्रमहरू: तरकारी खेती, कुखुरापालन, बाखापालन, माछापालन, सिलाइ-कटाइ, साइकल मर्मत, कपाल कटाइ, सिकर्मी तालिम, डकर्मी तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । चेतनामूलक कार्यक्रमहरू-छलफल, नाटक, पोस्टर, कार्टुन चित्र आदि सञ्चालन गर्नुपर्ने, प्राथमिक शिक्षालाई अनिवार्य र माध्यमिक शिक्षासम्म निःशुल्क गराउनुपर्ने, कमैयाहरूका लागि स्थाय बसोबासको व्यवस्था गर्नुपर्ने, विशेष अवसरका समतामूलक  कार्यक्रम र आरक्षणको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ । थारु बालबालिकाका आधारभूत आवश्यकताहरू गास, बास, कपास, स्वास्थ्य, शिक्षा पूरा गराउनेतर्फ सरकारी तथा गैर-सरकारी क्षेत्र लगायत स्थानीय समुदायको संयुक्त एवं समन्वयात्मक प्रयास हुनुपर्ने सुझावहरू दिइएको छ ।

थारु अभिभावकहरूको प्राथमिक शिक्षाका उत्प्रेरणात्मक कार्यक्रम प्रति सकारात्मक धारणा पाइएको र केटालाई पढाउने कुरामा बढी सहमत र केटीलाई पढाउने कुरामा कम सहमत भएको पाइएकोले शिक्षामा छोराहरूलाई प्राथमिकता दिइएको अनुसन्धानमा उल्लेख गरिएको छ । विद्यालय छोड्ने (Drop-out) दर छात्रको २२.५% को तुलनामा छात्राको ३५.८% बढी देखाइएको छ । विद्यालय जाने बालबालिकाको व्यवहार नजानेको भन्दा सकारात्मक पाइएको उल्लेख गरिएको छ ।

थारु समुदायमा पुरुषको भन्दा महिलाको संख्या ४.६३ प्रतिशतले बढी भएको तर विद्यालयमा सहभागिता छात्रको भन्दा छात्राको २१% ले कमी भएको देखाइएको छ । त्यसरी पुरुष अभिभावक ४५.९४% साक्षर र महिला अभिभावक २२.९७% भएको उल्लेख गरिएको छ । थारु मुक्त कमैया बालबालिकाको खुद भर्ना दर ३०.३८% र कुल भर्ना दर ४१.१६% कैलाली जिल्लाको खुद भर्ना दर भन्दा ४७.८३% ले र कुल भर्ना दर भन्दा ७६.९२% ले कमी भएको देखाइएको छ । यसबाट थारु बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट बञ्चित रहेको समस्यालाई झल्काउँछ । शिक्षकको व्यवहारप्रति मुक्त थारु कमैया बालबालिकाहरू सकारात्मक रहेको, शिक्षकको व्यवहार समान भएको र ममतापूर्ण भएको औंल्याइएको छ ।

(घ) **बुढा,भीउसिंह** (२०५९) को मुक्त कमैयाहरूले सामाजिक तथा आर्थिक अवस्था, बर्दिया जिल्ला गणेशपुर गाउँको एक अध्ययनमा-सामाजिक प्रणाली भित्रै शोषणको उत्पत्ति भएको र शोषितहरूलाई दासताको जीवन बाँच्न बाध्य बनाएको उल्लेख गरिएको छ । शोषक भूमिपति वर्ग शक्तिशाली भएकोले शोषितहरू परिवर्तनका लागि शक्तिहीन (Powerless) छन् त्यसैले शोषण, अनैयाय र दासत्वको यथास्थितिलाई निरन्तरता दिनुबाहेक अर्को विकल्प नभएको अनुसन्धानले औंल्याएको छ । थारुहरू भाग्यवादी जीवन बिताउन बाध्य छन् । अधिकांश थारुहरू भूमिहीन छन् भने ग्रामीण गरिबीको मुख्य कारण नै भूमिहीनता भएको छ । यसले अनैय सामाजिक विकृति र नकारात्मक परिणामलाई निम्त्याईरहेको अध्ययनमा उल्लेख गरिएको छ । थारु जातिमा रहेको कमैया प्रथा प्राचीन दासप्रथाकै अवशेष भएको उल्लेख छ । चन्द्र शमशेरको पालामा १९८१ तिर दासप्रथाको उन्मुलन भएतापनि यसले दास**त्त्व** उन्मुलनको क्षेत्रमा गरिब जनसङ्ख्याको शोषणमा खासै परिवर्तन ल्याउन सकेन । संवैधानिक कानुनी रूपमा दासप्रथा माथि रोक लगाइतापनि मानवीय शोषण कायमै रहीरह्यो । यसले मानिसलाई आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा आश्रित बनाई शोषण र मानव अधिकार हनन भइरहेको अध्ययनमा विश्लेषण गरिएको छ । कमैया प्रथा सुरुका दिनहरूमा बाँच्ने आधारका रूपमा अपनाएको देखिन्छ भने पछिल्लो दिनहरूमा यसले शोषणको रुप लियो । २०५७ सालमा कमैया मुक्तिको घोषणा पछिको उनीहरूको ऋणको अवस्था हेर्दा दिनप्रतिदिन ऋण बढीरहेको र झन झन ऋण ग्रस्त हुँदैछन् । यसबाट निकट भविष्यमै पूरानै कमैया प्रथाले निरन्तरता पाउन सक्ने सम्भावना देखिन्छ । अत्यावस्यक र आधारभूत शिक्षामा कुनै परिवर्तन आएको देखिंदैन । थारु सम्बन्धी काम गर्ने संघ संस्थाले उल्लेखनीय भूमिका खेल्न नसकेको कुरा अध्ययनले प्रष्ट्याएको छ ।

(ङ) **भण्डारी,वसन्तराज** (२०५७) को बर्दिया जिल्ला मगरागढी गाविस मा गरिएको थारु बालबालिकाको प्राथमिक तहको शैक्षिक उपलब्धि सम्बन्धी अध्ययनमा अध्ययन क्षेत्रमा थारु समुदायको बाहुल्यता भएता पनि प्राथमिक उमेरका थारु बालबालिकाको विद्यालयमा सहभागिता नियून पाइएको, छात्रभन्दा छात्राको अवस्था दयनीय (नियून) भएको, गैर-थारु बालबालिकाको तुलनामा थारु विद्यार्थी कम भएको, विद्यालयका क्रियाकलापहरूमा थारु विद्यार्थी पछि परेको र घरायसी काममा सक्रिय भएको कुराहरू उल्लेख गरिएको छ । थारु बालबालिकाका शैक्षिक समस्याहरू आर्थिक विपन्नता, अभिभावकहरूमा चेतनाको कमी, रुढिबादी संस्कार, गैर-थारु शिक्षक हुनाले भाषागत समस्याहरू अध्ययनले देखाएको छ । थारु अभिभावकहरूमा **पढाएर काम पाइदैन, धेरै पढाउन सकिदैन, थोरै पढाएर के गर्छन् र** ? भन्ने

जस्ता धारणा आएको उल्लेख गरिएको छ । समस्या समाधानका उपायहरूमा थारु बालबालिकाका लागि विशेष उत्प्रेरणामूलक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने, अभिभावकहरूमा चेतनामूलक र आयमूलक कार्यक्रमहरूका अवसर दिनुपर्ने, शिक्षक-शिक्षिकामा थारु जनशक्तिलाई अवसर र प्राथमिकता दिनुपर्ने जस्ता संभावनाहरू औंल्याइएको छ । अध्ययन क्षेत्रमा थारु जनसङ्ख्या ६५% र गैर-थारु जनसङ्ख्या ३५% भएतापनि शैक्षिक क्षेत्रमा गैर-थारुहरूको बाहुल्यता भएको, प्राथमिक उमेरका थारु बालबालिकाको खुद भर्ना दर ३८% मात्र भएको, विद्यालयमा थारु छात्रको तुलनामा छात्रा कम भएको तर गैर-थारु छात्रको भन्दा छात्राको बढी सहभागिता भएको देखाइएको छ । थारु छात्रछात्राको नियमततामा कमी, गृहकार्य पूरा नगर्ने, सरसफाईमा कम ध्यान दिने, कक्षामा पछाडि बस्ने, शैक्षिक अतिरिक्त क्रियाकलापमा कम रुचि देखाउने जस्ता पक्षहरू औंल्याइएको छ ।

## २.४ संविधान र घोषणा-पत्रमा कानुनी व्यवस्था

सुविधाविहीन (Disaventaged) वर्ग, अल्पसंख्यक समूह, पिछडिएका र उत्पीडित वर्गहरूका लागि राज्यले कानुनी संरक्षण दिएको हुन्छ । मानव अधिकार र अरू अधिकारका घोषणापत्रमा विशेष व्यवस्था गरिएको हुन्छ । थारु समुदाय सुविधाविहीन र शोषित वर्गको रूपमा जीवन विताउन बाध्य छन् । यस सम्बन्धमा कानुनी व्यवस्थाको समीक्षा निम्नानुसार गर्ने प्रयास गरिएको छ-

### (क) नेपालको अन्तरिम संविधान, २०६३

नेपालमा भएको २०६३ को जन-आन्दोलन पछिको व्यवस्थापिका संसदले जारी गरेको नेपालको अन्तरिम संविधान २०६३ को भाग १ धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकइ सत्ता नेपाली जनतामा निहीत रहनेछ भनी सबै जनतालाई समान रूपमा अधिकार सम्पन्न बनाएको छ । धारा ४ मा नेपाल एक बहुजातइ, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, धर्म निरपेक्ष, पूर्ण लोकतान्त्रिक स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राज्य हो भनी सबै जाति, भाषा र संस्कृतिलाई समान मानियता दिएको छ । भाग ५ मा नेपालमा बोलिने सबै भाषाहरू राष्ट्रभाषा हुन् भनी थारु भाषालाई मातृभाषाको मानियता दिएको छ ।

भाग ३ मौलिक हकको धारा १३ मा स्वतन्त्रताको हकमा प्रत्येक व्यक्तलाई सम्मानपूर्वक बाँच्ने वैयक्तक स्वतन्त्रता हनन नहुने, बीचार र अभिव्यक्तको स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, नेपालको सबै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, पेसा रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको व्यवस्था गरी थारु समुदाय र थारु नागरिकलाई सबै कानुनी

अधिकारहरू उपलब्ध भएको स्पष्ट हुन्छ । धारा १४ समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कुनै आधारमा भेदभाव गरिने छैन । महिला, दलित, आदिबासी,जनजाति, मधेशी वा किसान, मजदुर, आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्गको विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गरिनेछ । समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । धारा १५ मा कुनै पनि व्यक्तलाई जात, बंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यत्तले कानुनद्वारा निर्धारित भए बमोजिमको क्षतिपूर्ति पाउनेछ । धारा १८ को शिक्षा तथा संस्कृति सम्बन्धी हकमा प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हकको व्यवस्था, प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हकको व्यवस्था र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संबर्धन गर्ने हक हुनेछ भनी व्यवस्था गरिएको छ । यसरी थारु समुदायलाई मातृभाषामा शिक्षा पाउने, माध्यमिक तहसम्म निःशुल्क र आफन्ो भाषा, संस्कृतिको संरक्षण गर्ने हक-अधिकार भएको स्पष्ट हुन्छ । धारा १९ मा रोजगारी पाउने हक र बेरोजगार भत्ता पाउने हकको व्यवस्था गरिएको छ । धारा २२ मा सामाजिक नैयायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका दलित, आदिबासी, जनजाति वा मधेशी समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि हुने हक, उत्पीडित, गरिब किसान र मजदुरलाइ समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हकको व्यवस्था गरिएको छ । धारा २९ शोषण विरुद्धको हकमा प्रत्येक व्यक्तलाई शोषण विरुद्धको हक, प्रथा, परम्परा र प्रचलनको नाममा कसैलाइ शोषण गर्न पाइने छैन, मानिसलाई बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भनी व्यवस्था गरिएको छ । कसैलाई इच्छाविरुद्ध काममा लगाउन नपाइने, उचित श्रम अभ्यासको हक, सामूहिक सौदाबाजी गर्ने हकको व्यवस्था गरिएको छ ।

भाग ५ राज्यको सिद्धान्त तथा नीतिहरूको धारा ३७ मा देशको स्रोत र साधनलाई सीमित व्यक्तहरूमा केन्द्रीत हुन नदिई सामाजिक नैयायको आधारमा नैयायोचित वितरणको व्यवस्था मिलाई कुनै जाति, लिंग, वर्ग, उत्पत्ति वा व्यक्त उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था, सबै खाले असमानता हटाई सबै जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी नैयाय र नैतिकतामा आधारित स्वस्थ्य सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने व्यवस्था गरेको छ । धारा ३७ मा देशको सन्तुलित विकासका लागि लगानीको नैयायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य,

यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्ने, सबै धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पति र भाषाभाषीहरूका बीच समानता र सह-अस्तित्वका आधारमा स्वस्थ्य र सामाजिक सम्बन्ध विकसित गर्ने आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिबासी, जनजाति, मधेशी, दलित तथा गरिबीको रेखामुनिका किसान मजदुरको उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गर्ने, विशेष अवसर प्रदान गर्ने, मुक्त कमैया, सुकुम्बासी भूमिहीनहरूको संख्या एकीन गरी बसोबासको लागि आधारभूत भूमिको व्यवस्था गर्ने, किसान मजदुर लगायत समाजका मेहनत वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालिम, कार्यशाला आदिको व्यवस्था गरी क्षमताको विकास गर्ने व्यवस्था गरेको छ।

## (ख) एमनेष्टी इन्टरनेशनल (Amnesty International)

नेपाल शाखा (२०६३) को प्रकाशनमा मानव अधिकार (Human Rights) सम्बन्धी घोषणा, महासन्धीहरूको विश्लेषणमा निम्न व्यवस्था गरिएको छ -

- मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ (UNO, 10 Dec.1948) को धारा १ मा मानिस जन्मजात स्वतन्त्र, सबैको समान अधिकार र मह**त्त्व** छ भनीएको छ । धारा २ मा जाति, वर्ग, लिंग, धर्म, बीचार, उत्पत्ति, सम्पत्ति जस्ता आधारमा भेदभाव गरिने छैन । धारा ४ मा कसैलाई पनि बाँधा वा दास बनाई राखिने छैन । धारा ५ मा कसैलाई पनि शारीरिक यातना, निर्दय अमानवीय र अपमानजनक व्यवहार वा सजाय गरिने छैन । धारा २५ मा व्यक्तगत र पारिवारिक स्वास्थ्य र कल्याणको लागि खाना, कपडा, घर,स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता आधारभूत सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार सबैलाई छ । धारा २६ मा प्रत्येक व्यक्तलाई शिक्षा पाउने अधिकार छ । कमसेकम प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सर्वशुलभ हुनेछ । शिक्षालाई प्राथमिकता दिई छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा-बाबुलाई हुनेछ ।
- आर्थिक, समानता तथा सांस्कृतिक अधिकारको अनुबन्ध, १९६६ (UN covenant, IESCR-1966) मा प्राकृतिक सम्पदा र स्रोतहरूको उपयोगमा आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि समान अधिकार, समान कामको समान ज्याला, सुरक्षित र स्वस्थ्य कामको अवसर, कम्तिमा प्राथमिक स्तरसम्म अनिवार्य, निःशुल्क शिक्षा, मातृभाषामा प्राथमिक शिक्षाको अधिकार,पेसागत र प्राविधिक शिक्षाको विस्तार र विकास गर्ने अवसर, सबै अधिकारहरूमा जाति, भाषा, रंग, धर्म, सम्पत्ति, उत्पत्ति जस्ता आधारहरूमा कुनै भेदभाव हुने छैन ।

- नागरिक तथा राजनैतिक अधिकारको अनुबन्ध, १९९६ (UN Convenent, ICCPR-1966) मा सम्पूर्ण जनजातिलाई स्वनिर्णयको अधिकार, दासत्व, बलपूर्वक तथा अनिवार्य श्रम लगायत क्रुर, निर्दय, अमानवीय तथा अपमानजनक सजाय कसैलाई पनि भोग्न लगाइने छैन । देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने समान अधिकारको सुनिश्चितता, अल्पसंख्यक आदिबासी समुदायका मानिसलाई निर्वाधरूपमा भाषा, धर्म, संस्कृतिको प्रचार र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरिने छ ।

**(ग) शिक्षा ऐन र नियमावली**

नेपालको शिक्षा ऐन (२०२८) को सातौं संशोधन (२०५९) र शिक्षा नियमावली (२०५९) को दोस्रो संशोधन (२०६३) मा राज्यले बालबालिका तथा समुदायको लागि प्राथमिक शिक्षाको तथा अनौपचारिक शिक्षाको व्यवस्था गरेको छ । जस अनुसार विद्यालय स्थापना गर्दा नक्साङ्कनको आधारमा वा प्रत्येक वडामा एउटा प्राथमिक विद्यालय स्थापना गर्ने वा सेवा क्षेत्रबाट एक घण्टाको दुरी भन्दा टाढा पर्ने गरी प्रा.वि. स्थापना नगर्ने, दुर्गम स्थानमा मौसमी विद्यालय स्थापना गर्न पाउने व्यवस्था छ । विद्यालयमा भर्ना भइ शिक्षा हासिल गर्न नसक्ने व्यक्तलाई देहाय बमोजिमका अनौपचारिक शिक्षाको व्यवस्था गर्ने : आधारभूत प्रौढ साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र बैकल्पिक प्राथमिक शिक्षाको व्यवस्था गरिने छ । गाविस तथा नगरपालिकालाई पूर्व-प्राथमिक विद्यालय सञ्चालन गर्न अनुमति वा स्वीकृति दिनसक्ने व्यवस्था छ । प्रत्येक विद्यालयमा पूर्व बालकक्षा सञ्चालन गर्ने । प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ । बालबालिकालाई कम्तिमा प्राथमिक तहसम्मको शिक्षा लिन प्रोत्साहन गर्ने । विद्यार्थीहरूलाई खेल मैदान र खेल सामग्रीको व्यवस्था हुनुपर्ने । पूर्व-प्राथमिक विद्यालय बाहेक अनिय विद्यालयमा छात्र-छात्राको लागि अलग-अलग शौचालय र आवासीय विद्यालयको लागि छात्राबास हुनुपर्ने व्यवस्था गरिएको छ ।

# भाग-तीन
# अध्ययन विधि

अध्ययनलाई व्यवस्थित रुपले अगाडि बढाउन र अध्ययनका उद्देश्यहरूलाई पूरा गर्नका लागि अध्ययनको निश्चित विधि, प्रक्रिया र मानियतालाई अवलम्बन गर्नुपर्दछ । यही विधिको सीमा भित्र रही अध्ययन गर्दा सरल र सान्दर्भिक हुन्छ । अध्ययनलाई श्रृङ्खलाबद्ध रूपमा अगाडि बढाउन सकिन्छ । त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहको उपाधि (Master's Degree) प्राप्तिका लागि गरिएको यस अध्ययनमा अनुसन्धान विधि (Research Methodoogy) लाई निम्नानुसार संगठित गरिएको छ -

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा गुणात्मक तथ्याङ्कहरूलाई वर्णणात्मक रूपमा र सङ्ख्यात्मक तथ्याङ्कहरूलाई विश्लेषणात्मक रूपमा व्याख्या गरी अर्थ्याइने हुँदा यो अनुसन्धानमा वर्णणात्मक र विश्लेषणात्मक ढाँचा (Discriptive & Analytical pattern) को प्रयोग गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्कहरूमा गाविसको जनसङ्ख्या विद्यालयमा सहभागिता, परीक्षाको परिणाम, शिक्षक-शिक्षिकाहरूको संख्या जस्ता Data हरूलाई प्रयोग गरि तथ्याङ्क विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्क एवं सूचनाहरूमा अवलोकन र अन्तरवार्ताबाट सङ्कलन गरिएका बीचार, कथन, ऐतिहासिक भनाइ अभिलेख जस्ता शब्दात्मक तथ्याङ्क (Verbal Data) हरूलाई प्रयोग गरि वर्णन गरिएको छ । यो अनुसन्धान मूलतः गुणात्मक प्रकृतिको सामाजिक अनुसन्धान (Social Research) भएकोले तथ्याङ्क र सूचनाहरूलाई उयुक्तता (Suitability) अनुसार विश्लेषण विधि प्रयोग गरि अर्थ्याइएको छ । थारु जातिको शैक्षिक अवस्थासँग सम्बन्धीत आर्थिक अवस्था, सामाजिक अवस्था, राजनैतिक अवस्था, स्वास्थ्यको स्थिति,महिला तथा बालबालिकाको स्थिति, आवासको स्थिति खानाको स्थिति, सांस्कृतिक परम्परा, धार्मिक परम्परा र दैनिक जीवनसँग सम्बन्धीत विविध पक्षहरूको अध्ययनमा वर्णणात्मक ढाँचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रमा थारु र गैर-थारुको जनसङ्ख्या प्रतिशत, विद्यालयका थारु र गैरथारु विद्यार्थीहरूले प्रतिशत, थारु छात्र-छात्राको प्रतिशत, थारु शिक्षक र गैर-थारु शिक्षकको प्रतिशत, परीक्षामा सफल हुने थारु र गैर-थारु विद्यार्थीको प्रतिशत, परीक्षामा सफल हुने थारु छात्र र छात्राको प्रतिशत जस्ता सङ्ख्यात्मक तथ्याङ्ककहरूको अध्ययनमा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालमा जातीय वितरणलाई हेर्दा पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थारु जातिको बसोबास भएको क्षेत्र हो । बर्दिया जिल्लामा थारु जनसङ्ख्या ५३% भन्दा बढी रहेको छ । थारु जाति आदिबासी हुन, वास्तविक धर्तीपुत्र हुन् । त्यसैले अध्ययन क्षेत्रमा बर्दिया जिल्लालाई छनौट गरिएको हो । शिवपुर गाविस बर्दिया राष्ट्रिय निकुञ्जले ३ तिरबाट घेरिएको छ । यहाँ थारु जातिको जनसङ्ख्या ५४% छ । त्यसैले यस गाविसलाई अध्ययन क्षेत्र छानिएको हो । अध्ययनकर्ताको बसोबास पहिले सोही क्षेत्रमा हुँदा थारु समुदायको अवस्थाबारे बढी रुचि भएकोले यसलाई पूरा गर्न यो क्षेत्र छनौट गरिएको हो । त्यहाँ बस्दा, घुम्दा, अवलोकन गर्दा, स्थानीय थारु दाजुभाइ, दिदीबहिनीहरूसँग भेटघाट र कुरा गर्दा थारु समुदायका समस्याहरू, नियून शैक्षिक अवस्था, सोझा, ईमान्दार र परिश्रमी, जमिनदारहरूबाट प्रत्यक्ष-अप्रत्यक्ष रुपले शोषित भएका जस्ता पक्षहरू पाइएकोले यस भित्र अझै वास्तविकता र गहिराइमा यथार्थता के रहेछ त ? भनी खोजिनीति गर्नका लागि यो अध्ययन क्षेत्र छनौट गरिएको हो ।

### २.३ समग्रता र नमुना छनौट

यो अनुसन्धान त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्तिका लागि गरिएकोले अनुसन्धानकर्ता एक्लैले छोटो समयभत्र पूरा गर्नुपर्ने हुँदा अध्ययन क्षेत्रको समग्र जनसङ्ख्या र सबै पक्षहरूको एक/एक गरेर अनुसन्धान गर्न नसकिने भएकोले समग्रताको प्रतिनिधित्व (Representative) हुने गरी उद्देश्यमूलक नमुना छनौट (Purposive Sampling) प्रक्रिया अवलम्बन गरिएको छ । नमुना छनौट गर्दा सबै पक्षको गुणहरूको विशेषताहरूको प्रतिनिधित्व गराउन सक्दो प्रयास गरिएको छ । यो सानो अध्ययनबाट आएका निष्कर्षहरूलाई समग्रतामा ठूलो क्षेत्रमा सामानियकरण (Generalization) गर्न सकिने छ भन्ने विश्वास लिइएको छ ।

यस अनुसन्धानमा अध्ययन क्षेत्रको समग्र जनसङ्ख्या (Whoe Population) का रूपमा शिवपुर गाविस का १० वटा विद्यालय, ती विद्यालयमा अध्ययनरत थारु बालबालिकाहरू, थारु शिक्षक-शिक्षिकाहरू, थारु समुदायका अभिभावकहरू, विद्यालय प्रशासन, व्यवस्थापन समिति, अभिभावक-शिक्षक संघ (P.T.A), सरोकारवाला गैरसरकारी संस्थाहरू, सरकारी कार्यालयहरूलाई आधार मानिएको छ ।

तालिका नं.१

नमुना छनौट तालिका

| क.सं. | विवरण | जम्मा जनसङ्ख्या | नमुना छनौट | प्रतिशत |
|---|---|---|---|---|
| १ | शिवपुर गाविस का विद्यालय | १० | ४ | ४० % |
| २ | प्रधानाध्यापक | १० | ४ | ४०% |
| ३ | थारु शिक्षक-शिक्षिका | | आवश्यकतानुसार | |
| ४ | वि.व्य.स. अध्यक्ष | १० | ४ | ४०% |
| ५ | स्रोत व्यक्त, वि.नि. | १ | १ | १००% |
| ६ | P.T.A संघ अध्यक्ष | १० | ४ | ४०% |
| ७ | अभिभावक | | आवश्यकतानुसार | |
| ८ | संघसंस्था | | आवश्यकतानुसार | |

*स्रोत : क्षेत्र सर्वेक्षण, २०६४*

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

तथ्याङ्कको प्रकृति गुणात्मक र परिमाणात्मक (Qualitative & Quantitative) दुबै प्रकारको छ र तथ्याङ्क प्राथमिक तथा द्धितीयक (Primary & Secondary) दुबै स्रोतबाट सङ्कलन गरिएका छ । तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतहरूमा अनुसन्धानकर्ता स्वयम् (Direct) भेट गरी अन्तरवार्ता र अवलोकन विधि प्रयोग गरिएको छ । सूचनादाता (Responser) सँग छलफल, मत सर्भेक्षण (Oppenior), भलाकुसारी गरियो । प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र सूचनाहरूलाई प्राथमिक स्रोत मानिएको छ । अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गएर प्रश्नावली दिएर अनुसन्धानका उद्देश्यहरू पूरा गर्नका लागि अध्ययन अवधि भित्रै भराइएको हो । तथ्याङ्क सङ्कलनका द्धितीयक स्रोतहरूमा कार्यालयहरूमा भएका अभिलेखहरू, सम्बन्धीत किताबहरू, प्रतिवेदनहरू, विद्यालयमा भएका तथ्याङ्कहरू, सान्दर्भिक लेखहरूलाई प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धानका उद्देश्यहरूलाई पूरा गर्न तथ्याङ्क सङ्कलनका विभिन्न विधिहरू प्रयोग गरिएको छ । अनुसन्धान एकपक्षीय र एक्लैले सोचेर मात्र पूरा गर्न सकिंदैन । अनुसन्धान-कर्ताको प्रयास र समन्वयबाट गरिने सामूहिक प्रतिफल हो । यस अनुसन्धानलाई पूरा गर्न आवश्यकतानुसार निम्नलिखित विधिहरूको प्रयोग गरिएको छ -

**(क) प्रश्नावली**

साक्षरहरूका लागि प्रयोग गरिने तथ्याङ्क सङ्कलनको प्रश्नावली विधि प्रधानाध्यापक, थारु शिक्षक-शिक्षिका, वि.नि., स्रोत व्यक्तहरूबाट लिखित प्रतिक्रिया लिनका लागि प्रयोग गरिएको छ । अनुसन्धानका उद्देश्यलाई पूरा गर्ने गरि बन्द (Cose) र खुला (Open) प्रश्नावली प्रयोग गरिएको छ । यसबाट एउटै समयमा धेरै प्रतिक्रियाहरू, उत्तरदाताका वास्तविक बीचारहरू सङ्कलन गर्न सकिएको छ । प्रश्नावलीहरु  अनुसूचीमा प्रस्तुत गरिएको छ ।

**(ख) अन्तरवार्ता**

अशिक्षित थारु समुदायका अभिभावकहरू, विद्यालयमा नगएका बालबालिकाहरू र समूहगतरूपमा सूचना सङ्कलन गर्न संरचित (Structured) अन्तरवार्ता सूची बनाई स्वयम् अनुसन्धानकर्ताले प्रत्यक्ष रूपमा अन्तरवार्ता लिई उद्देश्य अनुसारका तथ्याङ्क र सूचना सङ्कलन गरिएको छ । उत्तरदातालाई प्रष्ट पारी पटक-पटक सोधी वास्तविक र धेरै तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।कर्लिङ्गर (१९९५) ले अन्तरवार्तालाई  उत्तरदाताको बीचार, धारणा, चाहना, गहिराइसम्म पुगेर अध्ययन गर्ने साधनका रूपमा परिभाषित गरेका छन् ।

**(ग) अवलोकन**

अध्ययन क्षेत्रका जनसङ्ख्या⁄ समग्रता (Population) को वास्तविकता, यथार्थता र वस्तुनिष्ठता बुझ्न अनुसन्धानकर्ता, प्रत्यक्ष रूपमा सरोकारवालाहरूसँग सहभागी भई, घुलमिल गरि विश्वास दिलाई व्यावहारिक सूचना र तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यसबाट विश्वसनीय र प्रामाणिक सूचनाहरू सङ्कलन गरिएको छ । थारु समुदायमा भित्री कुराहरू वास्तविकताहरू अध्ययन गरिएको छ । दाहाल (२०५८)ले अवलोकनलाई-घटनाहरू सही रूपमा बुझ्ने, ग्रहण गर्ने र अनुभूति गर्ने साधनका रूपमा व्याख्या गरेका छन् ।

**(घ) समूह छलफल**

सरोकारवाला व्यक्तहरुसंग सामूहिक छलफल,अन्तरक्रिया र बीचार आदान- प्रदानबाट सत्यतथ्य कुराहरू, सूचनाहरूको जानकारी प्राप्त हुन्छ । यसबाट बहुपक्षीय सूचनाहरू लिन सकिन्छ । अध्ययन क्षेत्रका थारु समुदायका विभिन्न पक्षहरूको प्रतिनिधित्व हुने गरी १०-१५ जनाको समूह बनाई समूहमा छलफल गराई आवश्यक तथ्याङ्कहरू सङ्कलन गरियो । छलफल विद्यालय र समुदायमा सञ्चालन गरियो ।

**(ङ) सर्भे फाराम**

तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न फाराम (form) हरू तयार गरी ती फाराममा सर्भे गरी  भरियो । स्थलगत अध्ययनबाट संलग्न गरिएका प्राथमिक तथ्याङ्क र द्धितीयक तथ्याङ्कहरू सर्भे फाराममा भरियो ।

**३.६ अध्ययनको सीमा**

यो अध्ययन त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर दोस्रो बर्षको शोध-पत्र (SA:508) को आवश्यकता पूरा गर्नका लागि गरिएकोले समय, साधन र स्रोत एवं जनशक्तिको अभाव र सीमितताको कारण यस अध्ययनको निश्चित सीमा (Limitation) तोकिएको छ । यह सीमित क्षेत्र भित्र मात्र गरिएको यस अध्ययनका प्राप्ति र निष्कर्षहरूलाई अरू क्षेत्र र जिल्लाका थारु समुदायमा सामान्यिकरण गर्न सकिने छ । यो अध्ययनको क्षेत्रगत सीमा  बर्दिया जिल्लाको शिवपुर गाविस र सोही गाविस का विद्यालयहरूलाई लिइएको छ । विषयगत सीमा थारु जातिको औपचारिक र अनौपचारिक शिक्षासँग सम्बन्धीत विद्यालयहरू, अनौपचारिक शिक्षा सञ्चालन गर्ने संघ-संस्थाहरू, विद्यालयका थारु शिक्षक-शिक्षिकाहरू, अभिभावकहरू, विद्यार्थीहरू,थारु समुदायका विभिन्न समूहहरू,सरकारी-गैरसरकारी संघसंस्थाहरूलाई लिइएको छ ।  निश्चित ठाउँमा गरिएको यस अध्ययनलाई विशिष्ट र पूर्ण बनाउनका लागि सक्दो प्रयास गरिएको छ ।

**३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण**

विभिन्न स्रोत र विभिन्न साधनहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार तथ्याङ्कशास्त्रका विधिहरू उपयोग गरि तालिका, ग्राफ, चार्टहरूमा राखि व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । सङ्ख्यात्मक (Quantitative) तथ्याङ्कहरूलाई तथ्याङ्कशास्त्रका विधिहरू प्रयोग गरि अर्थ्याइएको छ भने गुणात्मक (Qualitative) तथ्याङ्कहरू सान्दर्भिक सामग्री, प्रामाणिक सूचकहरू र स्थापित मूल्य, मानियतासँग तुलनात्मक विश्लेषण गरी अर्थ्याएर प्रस्तुतीकरण गरिएको छ ।

**३.८ अध्ययनका सूचकहरू**

आधिकारिक सरकारी निकायहरू जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग र गैर-सरकारी निकायबाट अध्ययन गरी निश्कर्षका रूपमा निकालिएका प्रमाणहरूलाई अध्ययनका सूचकहरू (Indicators) मानी अध्ययन क्षेत्रमा पाइएका तथ्याङ्क, विवरण र प्राप्तिहरूलाई यी आधिकारिक सूचकहरूसँग तुलनात्मक

विश्लेषण गरी सापेक्षिक (Relatism) रूपमा प्रस्तुतीकरण गरिएको छ ।नेपालका शिक्षाका केही सूचकहरू निम्नानुसार छन् (शिक्षा मन्त्रालय, २०६३)-

- GER at Primary level 114%
- NER at Primary level 84%
- Repetition Rate at
  - Grade 1 14%
  - Grade 5 8%
- Literature 5-24 Years 84%
- Literature 15+Years 67%
- Literature Gender Index 0.7%
- Girls Enrollment at School Level 43%
- Female Teacher at School level 24%
- Trained Teacher at School level 45%
- School/Student Ratio at School Level 1:148
- School/Teacher Ratio at School level 1:4
- Teacher/Student Ratio at School level 1:38
- Trined Teacher/Student Ratio School level 1:85%
- School/Femel Teacher Ratio at School level 1:1
- Primary age Group pop. Year 5-9
- Lower Secondary Group Pop. Year 10-12
- Secondary Group pop. Year 13-15
- SLC Pass Year 15
- पिछडिएका बालबालिकाको कूल भर्ना दर ६०%

# भाग-चार
# अध्ययन क्षेत्रको परिचय

## ४.१ भौगोलिक परिचय

नेपाललाई प्रशासनिक हिसाबले ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा बिभाजन गरिएको छ । भौगोलिक र भू-बनौटको हिसाबले हिमाल, पहाड र तराई ३ क्षेत्रमा बिभाजन गरिएको छ । अध्ययन क्षेत्र बर्दिया जिल्ला तराई प्रदेश, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलमा पर्दछ । राणाहरूले व्रिटिस साम्राज्यलाई सहयोग गरे बापत भारतमा शासन गरिरहेका व्रिटिस सम्राटले फिर्ता दिएकोले पश्चिमी तराईका ४ जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई **नयाँ मूलुक** भनेर चिनिन्छ । बर्दिया जिल्लाको पूर्वमा बाँके जिल्ला, पश्चिममा सुदुरपश्चिमाञ्चलको कैलाली जिल्ला, उत्तरमा सुर्खेत जिल्ला र दक्षिणमा भारतको उत्तरप्रदेश पर्दछन् । बर्दिया जिल्लाको पूर्वी भूभाग चौडा छ भने पश्चिमी भूभाग साँगुरिएर गएको छ । जिल्लाको उत्तरी भू-भाग बर्दिया राष्ट्रिय निकुञ्जले ओगटेको छ ।

**(क) बर्दिया जिल्ला एक झलक (कृषि कार्यालय, बर्दिया २०६२)**

| | |
|---|---|
| **कुल क्षेत्रफल** | **२,२८,००० हेक्टर** |
| (अ) बर्दिया राष्ट्रिय निकुञ्ज- | ९८,००० हेक्टर (४३%) |
| (आ) निकुञ्ज बाहिरको बन- | ३९,०२१ हेक्टर (१७%) |
| (इ) नदी, खोला, गल्छि- | १४,९८२ हेक्टर (६.५५%) |
| (ई) कृषियोग्य जमीन- | ७५,००० हेक्टर (३३%) |
| (उ) चरन फाँट - | १,००० हेक्टर (०.४५%) |
| ❖ सदरमुकाम | गुलरिया |
| ❖ अक्षांश | २८°७' उत्तर-२९°३९' उत्तर |
| ❖ देशान्तर | ८१°३' पूर्व-८१°४१' पूर्व |
| ❖ जलवायु | उष्ण तथा समशितोष्ण |
| ❖ सरदर लम्बाई | पूर्व-पश्चिम ६४ कि.मी. |
| ❖ उचाई | समुन्द्री सतहबाट १३८ मिटरदेखि १२६९ मिटरसम्म |
| ❖ भिरालोपना | २०° (उत्तरबाट दक्षिणतिर ढल्काई) |
| ❖ वार्षिक वर्षा | १०५० मिलि लिटर |

- ❖ औषत तापक्रम		१७.७ C देखि ३४.५ C
- ❖ अधिकतम तापक्रम		४०.२ C (असार)
- ❖ न्यूनतम तापक्रम		७.७ C (पुस)
- ❖ दर्शनीय स्थल
  - o ठाकुरद्वारा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
  - o खैरापुरको कृष्णसागर
  - o बढैया ताल
  - o कर्णालीको पुल (चिसापानी)
  - o कोठीयाघाटको पन्टुन ब्रिज
  - o बबई सिंचाईद्वार
- ❖ गाविस		३१
- ❖ नगरपालिका		१
- ❖ निर्वाचन क्षेत्र		३ ( हाल ४)
- ❖ इलाका क्षेत्र		१३

**(ख) अध्ययन क्षेत्रको परिचय**

बर्दिया जिल्लाको उत्तर-पश्चिममा पर्ने शिवपुर गाविस को पूर्वी सीमा औराठी नदी, पश्चिमी र उत्तरी सीमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिण सीमा ठाकुरद्वारा गाविस पर्दछ । बर्दिया राष्ट्रिय निकुञ्जको काखमा अवस्थित शिवपुर गाविस **'मध्यमवर्ती क्षेत्र'** भित्र पर्दछ । यहाँको मुख्य पेसा कृषि हो । यस गाविस को ILO ले २०६२ मा लिएको जनसङ्ख्या प्रोफाइल अनुसार यहाँको कूल जनसङ्ख्या १०,१७६ छ, जसमा थारुको जनसङ्ख्या ५,४८७ (५४%) छ । यस गाविस को क्षेत्रफल १२.५ वर्ग कि.मी. छ, जसले बर्दिया जिल्लाको १३.२% क्षेत्र ओगटेको छ ।

## ४.२ प्राकृतिक स्रोतहरू

**'हरियो वन, नेपालको धन'** भनेर चिनिने तराईको चार कोशे झाडी, जलसम्पदाको धनि देशको नामबाट चिनिने नेपालका नदीनालाहरू, विविध बनस्पतिहरूको उर्वर भूमिमा पाइने जडिबुटीहरू, अन्नको भण्डार मानिने तराईका समथर र उर्वर भूमि प्राकृतिक ग्याँस र खानीहरू नेपालका प्राकृतिक स्रोत हुन् । बर्दिया राष्ट्रिय निकुञ्जका वन जंगल र जडिबुटीहरू, कर्णाली, भेरी र बबईजस्ता ठूला नदीहरू, समथर र उर्वर जमीन बर्दिया जिल्लाका प्राकृतिक स्रोतहरू

हुन् । अत्याधिक खाद्यान्न उत्पादन हुने भएकोले बर्दियालाई **'अन्नको भण्डार'** भनीन्छ । जमिनमुनीको पानी तराईको मुख्य प्राकृतिक स्रोत हो ।

अध्ययन क्षेत्र शिवपुर गाविसको तीनतिर वनजंगल भएकोले मुख्य प्राकृतिक स्रोत 'वन जंगल' नै हो । काठ र दाउरा बिक्री गरेर थारु समुदायका बासिन्दाहरूले जीविका चलाएको देखियो । नदी र खोलाहरूमा माछा मार्नु, जंगलमा माहुरीको मह खोज्नु, जडिबुटी र कन्दमूल खोज्नु आय आर्जनका प्राकृतिक स्रोतहरू हुन् । जमीनमा खेती गर्नु त मुख्य पेसा र जीविकाको आधार नै भै हाल्यो । खर (वनकस) र घाँस स्याउलाहरू आय आर्जनका प्राकृतिक स्रोत हुन् । तामा, च्याउ, थाकल, बयर आदि जंगली उत्पादनहरू खोजी बिक्री गरेको देखियो । खोलाको किनार र खुला चौरमा सामुदायक वन उपभोक्ता समितिद्वारा संरक्षण गरेका छन् ।

## ४.३ भेषभूषा र रहनसहन

थारुहरूको परम्परागत पोशाकमा पुरुषहरू सेतो सुतिबाट बनेको लगौटी र झुलुवा प्रयोग गर्दछन् भने महिलाहरू लेहेङ्गा, चोलियो र गटियाको प्रयोग गर्दछन् । बर्दियामा बसाइ सर्नु अगाडि दंगाली थारु महिलाहरू सेतो रंगको कपडा लगाउथे भन्ने कुरा यस क्षेत्रका बुढापाकाहरू बताउँछन् । बर्दियामा बसाइँ सरेपछि दुबै क्षेत्रका महिलाहरू एउटै पोशाक लगाउने गरेको पाइन्छ । हालका दिनहरूमा आधुनिक र बाहिरझ पोशाकको प्रभावमा परेर थारुहरूको परम्परागत पोशाक हराउँदै गएका छन् । थारु पुरुषहरू कमीज, पाइन्ट, भेष्ट, स्वीटर, ज्याकेट लगाउँछन् भने महिलाहरू ब्लाउज, धोती, सारी, पेटीकोट आदि लगाउँछन् । आर्थिक रुपले सम्पन्न थारुहरूले आधुनिक कपडा बढी लगाउँछन् भने विपन्न थारुहरू अझै लगौटी, लुंगी लगाउँछन् । अध्ययन क्षेत्र शिवपुर गाविस का थारुहरू प्रायः विपन्न छन् । विद्यालय जाने बालबालिकाहरूले जेनतेन विद्यालय पोशाक लगाएको पाइयो । आर्थिक विपन्नताकै कारण वर्षमा दशैंमा र माघे संक्रान्तिमा मात्र एक जोर लुगा किन्ने गरेको कुरा लक्षित समूहहरू बताउँछन् । पूराना बुढापाकाहरू काठका चप्पल अझै लगाउँछन् भने धेरैले हात्तीछाप चप्पल लगाएको पाइयो । त्यस्तै, प्लाष्टिकका र कपडाका जुत्ताहरू पनि लगाउँछन् ।

थारु समुदायका परम्परागत गहनाहरू चाँदी र काँशबाट बनेका हुन्छन् भने आधुनिक गहनाहरू सुनबाट बनाइएका हुन्छन् । आर्थिक विपन्नताका कारण सुनजस्तै देखिने पित्तलबाट बनेका गहनाहरू बढी प्रचलनमा रहेको पाइयो । खुट्टामा माथिसम्म आउने चेप्टा कल्ली हातमा र पाखुरामा चेप्टा बाला, नाक, कानमा नथिया, फुली, झुम्का-झुली, टप, चन्द्रहार लगाएको पाइयो । सम्पन्न थारु समुदाय र परिवारमा पूराना चाँदीका पैंसाको ब्लाउज र पैंसाको घेरो भएको सल (बर्की) लगाएको पाइयो । मयुरका प्वाँखलाई गहनाका रूपमा प्रयोग गरेको पाइयो ।

## ४.४ धर्म र संस्कृति

अध्ययन क्षेत्र शिवपुर गाविस का थारु समुदायमा हिन्दु धर्म र बहुदेवतावाद दुबै रहेको पाइन्छ । थारु समुदाय भूतप्रेतमा बढी विश्वास गर्दछन् । तन्त्रमन्त्र गरी पुजा गर्दछन् । थारुहरूले रोपाई सकेपछि हरियाली पूजा गर्दछन् जसमा दूध लगेर कुलोको मुहानमा खनीयाउँछन् यसबाट खेतीमा लाग्ने रोग र किराको नास हुन्छ भन्ने विश्वास गर्दछन् । थारु समुदाय हिन्दु सम्प्रदायका भएकोले दशैं,तिहार, माघे संक्रान्ति, शिवरात्रि, जस्ता चाडपर्वहरू मान्दछन् । थारुहरूको सबैभन्दा ठूलो पर्व **'माघी'** हो जसलाई उनीहरू धुमधामका साथ मनाउँछन् । यो पर्व थारुहरूको मुख्य पेसा कृषि र वर्षभरि गरिने कार्यसँग सम्बन्धीत छ । माघीबाटै नीयाँ सम्झौताहरू गर्दछन्, खेती अधिया लगाउने निधो गर्दछन् । माघीमा थारुहरू आफ्ना कुलदेवताको पूजा गर्दछन् र खानपिनमा बढी खर्च गर्दछन् । सुगुरको मासु र जाँडरक्सी प्रशस्त प्रयोग गर्दछन् । इष्टमित्र बोलाई स्वागत,सत्कार र सुख-दुःख आदान-प्रदान गर्दछन् ।

थारुहरूका आफ्नै देवी-देवता हुन्छन् जसलाई उनीहरू **'भुतुवा'** भन्दछन् । प्रत्येक थारुहरूको घरमा आफ्ना आफ्ना भुतुवा को थान आँगनमा बनाएका हुन्छन् । चाड-पर्व, जन्म-मृत्यु, औंसी-पूर्णिमा, संक्रान्ति, विवाह, छेवर (कपाल खौरने) जस्ता सबै उत्सवहरूमा आफ्ना पारिवारिक देवता भुतुवाको पूजा गरेर मात्र अरू कार्य सुरु गर्दछन् । थारु समुदायमा प्रत्येक गाउँमा तन्त्रमन्त्र र झारफुक गर्ने एउटा **'गुरुवा'** थारुहरूका धार्मिक अगुवा (पुजारी) हुन्छन् । गुरुवालाई सबैले सम्मान गर्दछन् र कोही अन्न भाग  स्वरुप छुट्याउँछन् । बिरामी पर्दा, दुःखपर्दा, संकट पर्दा, नीयाँ काम सुरु गर्दा, साइत गर्दा सबै समयमा पहिला 'गुरुवा' कहाँ जान्छन् । थारुहरूका गुरुवाबाट गैर-थारु समुदायका ब्राम्हण-क्षेत्रीहरू पनि प्रभावित भई सम्पर्कमा गएको पाइन्छ । अध्ययन क्षेत्रमा दशैं,तिहार,शिवरात्री जस्ता चाडपर्वहरू थारु समुदाय र गैर थारु समुदायहरूले संयुक्तरूपमा मनाएको पनि पाइयो । गैर सरकारी संस्थाहरू, सामुदायिक समूहहरू, उपभोक्ता समितिहरू जस्ता संस्थाहरूमार्फत थारु समुदाय र गैर थारु समुदाय घुलमिल हुँदै र  समायोजन हुँदै आएका छन् ।

## ४.५ पेसा

अध्ययन क्षेत्रका अधिकांश समुदायका मानिसहरूको मुख्य पेसा **कृषि** नै हो । तर बिडम्बना के छ भने खेती गर्ने आफ्नो जग्गा छैन, त्यसैले जग्गाधनिहरूको खेत अधियाँमा लाउन बाध्य छन् । थारु समुदायका सहायक पेसाहरूमा बन बाट काठ, दाउरा र बनकस (खर) काटेर बिक्री गर्नु, कन्दमूल खोज्नु, माछा मार्नु हुन् । हालका दिनहरूमा तरकारी खेती,

कुखुरापालन, बाखापालन गरेर आय आर्जन गर्न थालेका छन् । सिकर्मी, डकर्मी, इँटा बनाउने काम गर्दछन् । गाउँमा केही थारुहरूले घुम्तीमा खुद्रा पसल राखेको पाइयो । शिक्षित थारुहरू शिक्षक पेसा र सरकारी तथा गैर-सरकारी कार्यालयमा कर्मचारी पेसा गर्ने थोरै मात्र छन् । अशिक्षित थारुहरू कार्यालयमा श्रेणीविहीन कर्मचारी (पियन,पाले), सुरक्षातर्फ प्रहरी,सेना र भारतमा गई श्रमिक पेसामा संलग्न भएको पाइयो । कमैया प्रथा र बालश्रम उन्मूलन भएपनि बालबालिकाहरू गोठाला, कम्लहरी भई धनीका घरमा कम गरेको र होटलहरूमा सफा गर्ने काम गरेको पाइयो । शिवपुर नजिकको भुरीगाउँ बजारमा बालिकाहरू बाल श्रमिकको रूपमा काम गरेको भेटियो ।

# भाग-पाँच
# तथ्याङ्कहरूको विश्लेषण र प्रस्तुतीकरण

यो भाग अध्ययनको मुख्य र अर्थपूर्ण भाग हो । यस भागमा सङ्कलित तथ्याङ्कहरूलाई संगठित र संरचित गरि तथ्याङ्कशास्त्रका विभिन्न विधिहरू तालिका, ग्राफ, चार्टहरूको प्रयोगद्वारा प्रस्तुत गरेर अध्ययनका उद्देश्यहरू पूरा गर्ने गरि विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा तथ्याङ्कको प्रकृति अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा बिभाजन गरिएको छ । यसरी प्रस्तुत उद्देश्यहरूलाई पूरा गर्नका लागि उद्देश्यसँग सम्बन्धीत विशिष्ट र सुक्ष्म पक्षहरूको एक-एक अध्ययन गरि प्रस्तुतीकरण गर्दै विश्लेषण गर्ने सक्दो प्रयास गरिएको छ ।

## ५.१ थारु जातिको शैक्षिक अवस्था

अध्ययन क्षेत्रका थारु समुदायको औपचारिक र अनौपचारिक शिक्षासँग सम्बन्धीत अवस्थाको पहिचान र विश्लेषण गरिएको छ । शिक्षा प्रदान गर्ने र प्राप्ति गर्ने प्रकृतिका आधारमा शिक्षालाई ३ प्रकारमा बिभाजन गर्न सकिन्छ-

१) औपचारिक शिक्षा (Formal Education)

२) अनौपचारिक शिक्षा (Non-Formal Educaton)

३) अनियमित शिक्षा (Informal Education)

### १. औपचारिक शिक्षा

विद्यालय र विश्वविद्यालयहरूमा व्यवस्थित योजना बनाई निश्चित पाठ्यक्रमका आधारमा निश्चित समयमा, निर्धारित उमेर समूहलाई तोकिएको उद्देश्य प्राप्ति गरेपछि प्रमाण-पत्र दिने प्रकृतिको शिक्षालाई औपचारिक शिक्षा भनीन्छ । यसमा पूर्व नीयोजित योजना, समयको निश्चित निर्धारण, कक्षाकोठामा समयतालिका अनुसार शिक्षण, विषयवस्तु, ज्ञान र सीपको निश्चित स्वरुप, पाठ्यक्रम, पाठ्यपुस्तक र तोकिएको शिक्षण विधि, प्रमाण-पत्र वितरण र योग्यता (Qualification) को मानियता दिलाउने शिक्षा औपचारिक शिक्षा हो ।औपचारिक शिक्षामा निश्चित संरचना हुन्छ-प्राथमिक तह, माध्यमिक तह, उच्च तह । य संरचना भित्र पनि आवश्यकतानुसार अरू संरचना बनाइएको हुन्छ र य तहमा अध्ययन गर्ने विद्यार्थीहरूको उमेर समूह (Age Group) निर्धारण गरिएको हुन्छ । नेपालमा कक्षा १-

५ सम्मको शिक्षालाई प्राथमिक तहको शिक्षा र ५-९ वर्ष उमेरका बालबालिकालाई प्राथमिक उमेरका बालबालिका भनीन्छ ।

**२) अनौपचारिक शिक्षा**

विद्यालय र विश्वविद्यालयको औपचारिक पर्खालभन्दा बाहिर (Out of School) विभिन्न लक्षित समूह (Target Group) हरूलाई दिइने साधारण, व्यावहारिक, कार्यमूलक र सीपमूलक प्रकृतिको शिक्षालाई अनौपचारिक शिक्षा भनीन्छ । मानव समाजको विकाससँगै अनौपचारिक शिक्षाको जन्म भएकोले यो औपचारिक शिक्षा भन्दा **जेठो** मानिन्छ । नेपालमा चलेको गुरुकुल, ऋषिकुल, देवकुल र पितृकुल शिक्षा प्रणालीहरू अनौपचारिक प्रकृतिका शिक्षा हुन् । औपचारिक शिक्षाको अवसरबाट बञ्चित भएका र औपचारिक शिक्षा हासिल गर्न सम्भव नहुने विभिन्न समूहहरूलाई आवश्यकता र अनुकूलतामा आधारित शिक्षा अनौपचारिक शिक्षा हो । त्यसकारण यसको दायरा र क्षेत्र (Scope) व्यापक छ । यसमा परिस्थिति र आवश्यकता अनुसार कार्यक्रमहरू निर्धारण गरिने हुँदा यही र यस्तै भन्ने निश्चित र पूर्व निर्धारित कार्यक्रम हुँदैन तर सञ्चालनका लागि अल्पकालीन कार्यक्रमको खाका त हुन्छ । नेपालको सन्दर्भमा साक्षरता कार्यक्रम, प्रौढ शिक्षा कार्यक्रम सीपमूलक शिक्षा, कार्यमूलक शिक्षा, महिला शिक्षा, तालिम, गोष्ठीहरू अनौपचारिक शिक्षाका उदाहरण हुन् ।

**३) अनियमित शिक्षा**

काम गर्दै जाँदा आकस्मिक रूपमा सिकिने ज्ञान, अनुभव र शिक्षालाई अनियमित शिक्षा भनीन्छ । यसको कुनै नियम, समय, उद्देश्य नहुँदा-नहुँदै पनि धेरै कुराहरू सिकिरहेका हुन्छौं । समय र परिस्थिति अनुसार आकस्मिक निर्णय लिनु अनियमित शिक्षा हो । सडकमा मोटर आउँदा बाटो तर्किएर हिड्नु, अप्ठरो ठाउँमा होसियारीपूर्वक हिड्नु, आगोबाट टाढै रहनु आदि अनियमित शिक्षाका उदाहरण हुन् ।

### ५.१.१ थारु समुदायको शैक्षिक सहभागिता

नेपालको जनगणना २०५८ का अुनसार शिवपुर गाविसको कूल जनंख्या ७,४२३ मध्य ५ वर्ष भन्दा बढी उमेर (५+) का जनसङ्ख्या मध्य ६०१२ अथवा ८१% थिए । ५ वर्ष माथिका जनसङ्ख्या मध्ये ३५४७ अथवा ५९% निरक्षर थिए । यसरी हेर्दा गाविस को साक्षरता प्रतिशत ४१% मात्र देखिन्छ, जुन राष्ट्रिय साक्षरता ५७% भन्दा धेरै कम छ । यस तुलनात्मक साक्षरता दरको विश्लेषणबाट शिवपुर गाविस शिक्षाको राष्ट्रिय मापदण्डभन्दा धेरै

पछाडि रहेको कुरा स्पष्ट हुन्छ । शिवपुर गाविस मा थारु जनसङ्ख्या ५०८८ अर्थात ५४% छ (शिवपुर गाविस २०६३) । थारु जनसङ्ख्याको ६३% निरक्षर छन् । यस गाविस मा SLC भन्दा माथि स्नातकोत्तर तहसम्मको शिक्षा प्राप्त गर्ने थारु समुदायका शैक्षिक जनशक्ति ७६ जना मात्र छन् । जुन थारु जनसङ्ख्याको १.८% मात्र हुन् आउँछ (शैक्षिक दर्पण, बर्दिया २०६२) । बर्दिया जिल्लाको सन्दर्भमा हेर्दा बर्दियाको कुल जनसङ्ख्या ३,८२,६४९ मध्य थारु जनसङ्ख्या २,०१,२७६ छ जसमध्ये S.L.C. देखि स्नातकोत्तर तहसम्म उत्तीर्ण गर्ने थारु शैक्षिक जनशक्ति ४,८४६ अर्थात २.४% देखिन्छ । यसरी थारु शैक्षिक जनशक्तिको बर्दिया जिल्लाको तुलनामा शिवपुर गाविसमा कम देखिन्छ । समग्र जिल्लाको मापदण्ड भन्दा कम देखिन्छ । बढी जनसङ्ख्या भएको थारु समुदायको साक्षरता र उच्च शिक्षाको स्थिति कमजोर देखिनुले थारु समुदाय शैक्षिक अवसरबाट पछाडि भएको पुष्टि गर्दछ ।

**तालिका नं.२**

**थारु समुदायको शैक्षिक सहभागिता**

| क्र.सं. | शैक्षिक सूचक | राष्ट्रिय दर | बर्दियामा थारु | शिवपुर गा.वि.समा थारु जातिको | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राथमिक तहको GER | ११४% | ४३% | ६९% | |
| २ | प्राथमिक तहको NER | ८४% | ३३% | ६२% | |
| ३ | साक्षरता | ५७% | - | ३७% | |
| ४ | S.L.C. माथि स्नातकोत्तरसम्म | | २.४ | १८% | |

*स्रोत : शैक्षिक दर्पण, बर्दिया, २०६२*

नेपालको पहिलो शिक्षा आयोग **नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले प्रतिवेदन-२०११** 'नेपालमा शिक्षा' ले प्रत्येक गाउँ, बस्तीमा एक हजार जनसङ्ख्याका लागि एउटा प्राथमिक विद्यालय, दशहजार जनसङ्ख्याका लागि एउटा माध्यमिक विद्यालय, हरेक गौंडा, जिल्लामा महाविद्यालय (कलेज) सरकारले स्थापना गर्नुपर्ने सुझाव दिएको थियो तर ती सुझावहरू अहिले ५४ वर्षसम्म पनि कार्यान्वयन हुन सकेका छैनन् । बर्दिया जिल्लामा सरकारी क्याम्पस छैन । यसरी सरकारले शैक्षिक दायत्व पूरा गर्न सकेको देखिदैन, त्यसमा पनि आदिबासी, जनजातिको अवस्थासम्म त पुग्ने कुरै भएन । सोही अनुरुप बर्दियाका आदिबासी थारु समुदाय सरकारी शैक्षिक अवसरहरूबाट बञ्चित भएको पाइन्छ ।

जीविकोपार्जन गर्ने रोजगारमूलक शिक्षा, व्यावसायिक शिक्षा, प्राविधिक शिक्षा, स्थानीय आवश्यकताअनुसारको शिक्षाको माग भइरहेको अवस्थामा त्यसो हुन सकिरहेको छैन । यसबाट साधारण, आम जनसमुदाय त्यसमा पनि पिछडिएका जनजातिहरूलाई जीवनस्तर उकास्ने शिक्षाको व्यवस्था भएको छैन । व्यवस्थापनका आधुनिक अवधारणाहरू (Modern Apporoach) हरू : विकेन्द्रीकरण व्यवस्थापन, सहभागितामूलक व्यवस्थापन, उद्देश्यद्वारा व्यवस्थापन जस्ता मानियताले स्थान पाउनु पर्नेमा, त्यसो हुन सकिरहेको छैन । अभिभावकहरूलाई आफ्ना बालबालिकाको शिक्षा छनौट गर्ने अवसर छैन । सबैलाई एउटै प्रकारको र प्रकृतिको शिक्षा पढ्न बाध्य बनाइएको छ । यसबाट आदिबासी, जनजाति, उत्पीडित समुदाय उच्चवर्ग सँग प्रतिस्पर्धा गर्न नसकी पछाडि पर्न बाध्य भएका छन् । लादिएको शिक्षा (Loaded Education) मा आफूखुसी प्रगति गर्न सकिरहेका छैनन् । परिणामस्वरुप आफूलाई कमजोर ठानी आत्मविश्वासका साथ अगाडि बढ्न सकिरहेका छैनन् । यही अवस्था बर्दिया जिल्ला, शिवपुर गाविसका थारु समुदायमा पाइयो । एक जना थारु अभिभावकको-**'नोकरी खाने ठूलाका छोराहरूले हो, हामीले पढाएर पनि पास हुँदैनन्, हाम्रा ठूला मान्छे छैनन्'** भन्ने प्रतिक्रियाबाट थारु समुदायले वर्तमान सामाजिक संरचनामा आफूहरूलाई कमजोर (सानो) ठानेको अनुभूति हुन्छ ।

**तालिका नं.३**


**शिवपुर गाविसको जनसङ्ख्या**

| क्र.सं. | जातजाति समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | थारु जाति | २५१९ | २५६९ | ५०८८ | ५४ |
| | क) ५-९ वर्ष | ७३० | ७२३ | १४५३ | १५.४२ |
| | ख) १०-१८ वर्ष | ७७२ | ८०४ | १५७६ | १६.७३ |
| | ग) १८+ वर्ष | १०१७ | १०४२ | २०५९ | २१.८५ |
| २ | गैर थारु जाति | २१७७ | २१५८ | ४३२५ | ४६ |
| | क) ५-९ वर्ष | ६०८ | ५८३ | ११९१ | १२.६३ |
| | ख) १०-१८ वर्ष | ६३७ | ६३३ | १२७० | १३.४८ |
| | ग) १८+ वर्ष | ९३२ | ९४२ | १८७४ | १९.८९ |
| | जम्मा | ४६९६ | ४७२७ | ९४२३ | १०० |

*स्रोत : शैक्षिक दर्पण, बर्दिया, २०६२*

*स्तम्भ चित्र नं १*

**शिवपुर गाविसको जनसङ्ख्या**




माथिको तालिका र स्तम्भ चित्रले देखाए अनुसार बर्दिया जिल्ला, शिवपुर गाविसको आधा भन्दा बढी बस्ती थारु जातिको भएतापनि शिक्षाको अवसरबाट अझै बञ्चित छन् । गरिबी, अन्धविश्वास र भाषिक कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेको देखिन्छ । शिवपुर गाविसलाई समेट्ने मढेला स्रोतकेन्द्रले परीक्षणको रूपमा थारु भाषामा शिक्षा दिने उद्देश्यले थारु भाषामा प्रकाशित पाठ्यपुस्तक लागु गरेको छ । तर गैर-थारु भाषी शिक्षकहरूको बाहुल्यताका कारण पठनपाठन प्रभावकारी देखिदैन । थारु भाषि शिक्षक भन्दछन्-थारु भाषा पनि स्थानीयताका आधारमा फरक-फरक हुने हुँदा सबै ठाउँको भाषा नजान्दा शिक्षणमा कठिनाइ परेको छ । नेपालको अन्तरिम संविधानले प्राथमिक शिक्षा मातृभाषामा दिने व्यवस्था गरे अनुसार सरकारी नीति भएता पनि स्थानीय स्तरमा व्यवस्थापन गर्न कठिन भएको देखिन्छ ।

### ५.१.२ विद्यालयमा थारु विद्यार्थी

औपचारिक शिक्षाका विभिन्न तह हरूमा सोही उमेर समूहका थारु बालबालिकाको शैक्षिक सहभागितालाई पहिचान र विश्लेषण गर्ने प्रयास गरिएको छ । थारु बालबालिकाहरूले कति र कस्तो शैक्षिक अवसर पाएका छन् त ? भन्ने विश्लेषण गर्न खोजिएको छ । नेपालको औपचारिक शिक्षा प्रणालीमा तहगत संरचना र विद्यार्थीको उमेर समूह निम्नानुसार छ-

**तालिका नं.४**

**नेपालको शैक्षिक संरचना**

| क्र.सं. | तहगत संरचना | कक्षा | उमेर समूह |
|---|---|---|---|
| १ | प्राथमिक | १-५ | ५-९ |
| २ | निम्न माध्यमिक | ६-८ | १०-१२ |
| ३ | माध्यमिक | ९-१० | १३-१४ |
| ४ | उच्च माध्यमिक | ११-१२ | १५-१६ |
| ५ | प्रमाणपत्र तह | २ वर्षे | १५-१६ |
| ६ | स्नातक तह | ३ वर्षे | १७-१९ |
| ७ | स्नातकोत्तर तह | २ वर्षे | २०-२१ |

*स्रोत : शिक्षा विभाग, २०६३*

वर्तमान शैक्षिक संरचना अनुसार कक्षा १-५ सम्मको शिक्षालाई प्राथमिक शिक्षा भनीन्छ र जसमा ५-९ वर्ष उमेर समूहका बालबालिकाहरू पर्दछन् । प्राथमिक तहको सहजै देखिने भर्ना दर (GER) ११४% भएतापनि बर्दियाको सन्दर्भमा थारु जातिका बालबालिकाको प्राथमिक तहमा सहजै देखिने भर्ना दर ६९% मात्र छ । नेपालमा प्राथमिक तहका बालबालिकाको खुद भर्ना दर (NER) ८४% छ र बर्दिया जिल्लामा थारु बालबालिकाको प्राथमिक तहमा खुद भर्ना दर ६२% मात्र छ (शैक्षिक दर्पण,बर्दिया २०६२) । यसरी बर्दिया जिल्लामा थारु बालबालिकाको प्राथमिक शिक्षामा सहभागिताको अवस्था नियून देखिन्छ । विशेष गरी ६-१५ वर्ष उमेर समूहका बालबालिकालाई ध्यानमा राखेर **'सबैका लागि शिक्षा'** (EFA) कार्यक्रम अन्तर्गत विद्यालय भर्ना अभियान सञ्चालन गरिएको छ तर पनि UNICEF को तथ्याङ्कमा १९ लाख बालबालिका अझै विद्यालय बाहिर छन्, जसमा अधिकांश आदिबासी, जनजाति र दलित बालबालिका पर्दछन् (आचार्य, २०६४) ।

**तालिका नं.५**

**शिवपुरका विद्यालयमा प्रा.वि. तहमा विद्यार्थी**


| क्र. सं. | विद्यालय | थारु विद्यार्थी | | | | गैर-थारु विद्याथी | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत | |
| १ | जनज्योति मा.वि. बकुवा | ७७ | ८३ | १६० | ४५ | ९२ | १०३ | १९५ | ५५ | ३५५ |
| २ | निकुञ्ज प्रा.वि., वनखेत | ७१ | ८२ | १५३ | ५१ | ६७ | ८१ | १४८ | ४९ | ३०१ |
| ३ | जनता प्रा.वि., तुल्सीपुर | ४३ | ५४ | ९७ | ३० | ११४ | १०४ | २१८ | ७० | ३१५ |
| ४ | सरस्वती प्रा.वि. मोतिपुर | २१ | २७ | ४८ | ३० | ५३ | ५६ | १०९ | ७० | १५७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ने.रा.प्रा.वि., कालीगैडी | ५१ | ६५ | ११६ | ५२ | ४९ | ४८ | १०७ | ४८ | २२३ |
| ६ | शिवसुन्दर प्रा.वि., सुन्दरपुर | ९३ | ११९ | २१२ | ५६ | ७९ | ८७ | १६६ | ४४ | ३७८ |
| ७ | जनजागृती प्रा.वि., आमबासा | १५ | ३० | ४८ | ४१ | २३ | ४९ | ६९ | ५९ | ११७ |
| ८ | ओम आदर्श एकेडमी, बकुवा | १७ | ३८ | ५५ | २६ | ६३ | ९३ | १५६ | ७४ | २११ |
| ९ | भेरी पब्लिक शिक्षालय बकुवा | २९ | २३ | ५२ | ४३ | ३३ | ३७ | ७० | ५७ | १२२ |
| १० | ब्राइटफ्यूचर बो.स्कुल कालीगौडी | ४५० | ३५ | ६२ | ४३ | ४० | ५५ | ८५ | ५७ | १५० |
| | जम्मा | ४५० | ५५६ | १००६ | ४३ | ६१३ | ७१० | १३२३ | ५७ | २३२९ |

*स्रोत: स्थलगत अध्ययन, २०६३*

***बृत्त चित्र नं १***

**शिवपुरका विद्यालयमा प्रा.वि. तहमा विद्यार्थी**




शिवपुर गाविसको जनसङ्ख्याको आधा भन्दा बढी (५४ प्रतिशत) थारु जाति भएता पनि प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता जनसङ्ख्याको अनुपातमा धेरै कम (४३ प्रतिशत) मात्र छ। जबकि गैर-थारु जनसङ्ख्या कम (४६ प्रतिशत) भएर पनि उनीहरूका बालबालिकाको विद्यालयमा सहभागिता बढी (५७%) छ । यसबाट थारु समुदाय शैक्षिक अवसरबाट पछाडि परेको स्पष्ट हुन्छ । समाजवादी समाजशास्त्री पाउलो फेरे (Paulo Frere) का अनुसार सुविधाविहीन र उत्पीडित समुदायलाई वर्तमान शिक्षा प्रणालीले समेटी आवश्यकता

पूरा गर्न नसकेको स्थिति अध्ययन क्षेत्र शिवपुर गाविसमा पाइयो । थारुहरूकै आवश्यकता र मूल प्रवाहीकरणको माध्यमद्वारा शिक्षामा सहभागिता बढाउनुपर्ने कुरा कठिन र चुनौतिपूर्ण देखियो ।

### ५.१.३ विद्यालय नजाने थारु बालबालिका

थारु समुदायको शैक्षिक अवस्थाको विश्लेषण गर्दा प्राथमिक उमेर समूह (५-९ वर्ष) का विद्यालय जाने र नजाने थारु बालबालिकाको विश्लेषण गर्नु सान्दर्भिक हुने ठानी यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

**तालिका नं.६**

**विद्यालय नजाने थारु बालबालिका**

| क्र. सं. | विवरण | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. (५-९) वर्षमा जम्मा | ७२३ | ७३० | १४५३ | |
| २ | विद्यालय जाने | ३९२ | ५१२ | ९०४ | ६२% |
| ३ | विद्यालय नजाने | ३३१ | २१८ | ५४९ | ३८% |

*स्रोत: स्थलगत अध्ययन, २०६३*

राष्ट्रिय स्तरमा सरकारी तथ्याङ्क अनुसार १६% प्रा.वि. उमेर (५-९ वर्ष) मा बालबालिका विद्यालय बाहिर छन् तर शिवपुर गाविसमा प्रा.वि. उमेरका थारु बालबालिकाका ३८% विद्यालय बाहिर हुनुले थारु समुदायको शैक्षिक अवस्था न्यून भएको स्पष्ट हुन्छ । त्यसमा पनि छात्राहरूको अवस्था अझै न्यून देखिन्छ । लिङ्गयरुपले विश्लेषण गर्दा केटीहरूको भर्ना कम देखिन्छ र उमेर नाघेका समूहमा पनि केटीहरू नै बढी देखिनुपर्ने लैङ्गिक विभेदलाई झन जटिल बनाएको छ । यसबारे जनज्योति मा.वि., बकुवाका प्र.अ.सँग प्रतिक्रिया माग्दा-**'केटीहरूले घर धन्दा लगायतका अन्य कामहरू गर्नुपर्ने, छोरीलाई अभिभावकले कम प्राथमिकता दिने र पाठ्यक्रम विभेदपूर्ण हुनु'** भन्ने उत्तर पाइयो ।

### ५.१.४ थारु समुदायमा अनौपचारिक शिक्षा

अनौपचारिक शिक्षा शिक्षा प्रणालीको अभिन्न अङ्ग हो । मानव समुदायको विकासको सुरुमा अनौपचारिक शिक्षाकै माध्यमबाट शिक्षाको विकास भएको पाइन्छ । नेपालमा लिच्छविकालमा शिक्षाको राम्रो विकास भएको पाइन्छ । मल्लकालमा शिक्षा र संस्कृतिको एथेष्ट

विकास भएको पाइन्छ । य दुबै कालमा अनौपचारिक शिक्षाकै माध्यमबाट विकास भएको थियो । राणाकालमा शिक्षालाई बेवास्ता गर्नाले मूलुक अन्धकारमा रूमलिन पुग्यो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षाको विकास हुन थाल्यो । नेपालमा विभिन्न समयमा गठन भएका शिक्षा आयोगका प्रतिवेदनहरूले अनौपचारिक शिक्षालाई औपचारिक शिक्षा सँगसँगै परिपूरकका रूपमा सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन् । तर ती सुझावहरू सहिरूपमा कार्यान्वयन भएका छैनन् । सोही अनुरुप अनौपचारिक शिक्षाले समसामयक उद्देश्यहरू हासिल गर्न सकिरहेको छैन । नेपालमा सञ्चालन भएका अनौपचारिक शिक्षाका प्रकारहरू निम्नानुसार छन् -

क) प्रौढ शिक्षा (१५-४५ वर्ष)

ख) बालशिक्षा (८-१४ वर्ष)

ग) महिला शिक्षा (१५-४५ वर्षका महिला)

घ) चेलीबेटी शिक्षा (८-१४ वर्षका केटीहरू)

माथिका अनौपचारिक शिक्षाहरू चार किसिमका संस्थाहरू मार्फत सञ्चालन भएका छन्

क) सरकारबाट सञ्चालित शिशुकक्षा/बालकक्षा

ख) गैर-सरकारी संस्थाबाट सञ्चालित बालकक्षा

ग) समुदायबाट सञ्चालित बालवाटिका

घ) परियोजनाबाट सञ्चालित बालकक्षा

थारु समुदाय औपचारिक शिक्षाको अवसरबाट पहिलेदेखि नै पछाडि पर्दै आएकोले अनौपचारिक शिक्षाको प्रयाप्त अवसर प्रदान गरी उनीहरूको जीवनस्तरमा सुधार गर्नु आजको आवश्यकता हो । विद्यालय उमेरका ८-१४ वर्ष उमेरका थारु केटाकेटीलाई बाल शिक्षा र चेलीबेटी शिक्षा दिई औपचारिक शिक्षामा समावेश गराउनु पर्दछ । १५ वर्ष माथिका थारु प्रौढहरूलाई कार्यमूलक, सीपमूलक र आयमूलक व्यावसायिक एवं व्यावहारिक अनौपचारिक शिक्षाको अवसर प्रदान गरि देशको मूलधार (Main Stream) मा समावेश गराउनु पर्दछ । अध्ययन क्षेत्र बर्दिया जिल्ला शिवपुर गाविसमा थारु समुदायको अनौपचारिक शिक्षाको अवस्थालाई हेर्दा खासै अवसर पाएको देखिदैन । केही मात्रामा भएका अनौपचारिक शिक्षाका प्रयासहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

**क)** अध्ययन क्षेत्र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (Buffer Zone) भएकोले निकुञ्जले उपभोक्ता समितिमार्फत विभिन्न अवसर र तालिम सञ्चालन गरेको पाइयो । जसमा

अनौपचारिक शिक्षा पनि सञ्चालन गरिएको छ । तर, यसमा थारु समुदायलाई मात्र लक्षित नगरिएको हुँदा थारु समुदायले उचित अवसर लिन नसकिरहेको स्थलगत अध्ययनबाट पाइयो ।

**ख**) नेपाल सरकार, शिक्षा कार्यालय, बर्दियाबाट जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षा सञ्चालन गर्ने कार्यक्रम भएता पनि हाल प्रौढ कक्षाहरू सञ्चालन भएको पाइएन । यस बारे जि.शि.अ. र वि.वि. सँग प्रतिक्रिया माग्दा शिक्षा कार्यालयले स्कुलहरू नै सञ्चालन गर्न गाह्रो परिरहेको छ । अनौपचारिक शिक्षाहरू त गैर-सरकारी संस्थाहरू, राष्ट्रिय निकुञ्जले सञ्चालन गर्ने समन्वय भएको छ भन्ने प्रतिक्रिया पाइयो ।

**ग**) गैर-सरकारी संस्थाहरूले अनौपचारिक शिक्षाको विकासमा काम गरिरहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू : इन्सेक, ग्रिन्सो, डानिडा, लुथरन विश्वसेवा, आर आर एन, सेभ द चिल्ड्रेन, युनिसेफ, एक्सन एड नेपाल, साप नेपाल, प्लान इन्टर नेशनल, जी फन्ट कार्यरत छन् । थारु समुदायसँग मात्र सम्बन्धीत गैर-सरकारी संस्था BASE (वेश) ले थारु समुदायमा राम्रो काम गरेको पाइयो । वि.सं. २०५७ साल श्रावण २ गते कमैया मुक्तिको घोषणा भएपछि माथिका संघ-संस्थाहरूले कार्यक्रम विस्तार गरेको सम्बन्धीत पक्षहरूले बताए । अध्ययन क्षेत्रका थारु समुदायले BASE (वेश) लाई **'आफ्नो संस्था'** भन्न रुचाएको पाइयो । यसबाट BASE को प्रभाव राम्रो भएको प्रष्ट हुन्छ ।

## ५.२ थारु जातिको सामाजिक अवस्था र शिक्षाको सम्बन्ध

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा सामाजिक प्रणाली पूर्ण प्रणाली (Whole System) हो र समाजमा विद्यमान भएका र चलखेल गरिरहेका सामाजिक अङ्गहरू सहायक प्रणाली (Sub-System) हुन् । सोही अनुरुप शिक्षा समाजको सहायक प्रणाली हो । समाजशास्त्री Emile Durkheim ले सामाजिक अवस्थाले अरू पक्षहरूमा प्रभाव पारिरहने कुरा Structural Functional model मा उल्लेख गरेका छन् । त्यस्तै समाजशास्त्री Karl Marks ले आर्थिक अवस्थाले अरू पक्षहरू निर्धारण गरेको कुरा Economics Determinism Theory मा उल्लेख गरेका छन् । यसरी सामाजिक अवस्थाले शैक्षिक अवस्थालाई प्रत्यक्ष प्रभाव पार्दछ । त्यसकारण थारु जातिको सामाजिक अवस्था र शिक्षा बीच प्रत्यक्ष सम्बन्ध हुन्छ । अध्ययन क्षेत्रमा पाइएको थारु जातिको सामाजिक अवस्था र शिक्षा बीचको सम्बन्धलाई निम्नानुसार उल्लेख गरिएको छ -

### ५.२.१ आर्थिक अवस्था र शिक्षाको सम्बन्ध

अर्थतन्त्र र आर्थिक अवस्थाले सबै कुरालाई निर्धारण गर्दछ । थारु जातिको शैक्षिक अवस्थालाई अर्थव्यवस्थाले प्रत्यक्ष असर गरेको पाइयो । अध्ययन क्षेत्रका थारु समुदायको नाममा जग्गाको स्वामित्व कम मात्रामा पाइयो, केही त भूमिहीन नै पाइयो । यसले गर्दा पढ्ने उमेरका बालबालिकाहरू अरूको काम गर्न बाध्य हुनुले पढाइमा नकारात्मक असर परेको पाइयो । थारु समुदायका महिला तथा पुरुषहरू अरूको घरमा ज्याला, मजदुरी, अधिंयामा काम गर्ने हुँदा आर्थिक अवस्था कमजोर भएकोले छोराछोरीको पढाइमा ध्यान दिन नसकेको पाइयो ।

### ५.२.२ सांस्कृतिक अवस्था र शिक्षाको सम्बन्ध

थारु जातिहरू परम्परादेखि नै मनोरञ्जन र खानपिनमा रमाउँदै र भुल्दै आएको पाइन्छ । नाचगान र जाँडरक्सीमा धेरै समय र अन्न खर्च गर्दछन् । यसको प्रत्यक्ष असर बालबालिकामा पर्दछ । थारु बालबालिकाले पढाइमा ध्यान नदिई घुम्ने र केटाकेटीहरू रसरङ्गमा भुलेको पाइयो । चल्दै आएको परम्परा भनी अभिभावकहरूले छोराछारीलाई निगरानी नराखेको पाइयो । एक जना थारु अभिभावकले **उमेर पुगेका केटाकेटी कहाँ जान्छन्, के गर्दछन् हामीले हेरिरहन कहाँ सक्छौ र** ? भन्ने प्रतिक्रिया दिएको पाइयो । यस्ता कारणहरूले गर्दा कि त थारु बालबालिका विद्यालय नै जाँदैनन् विद्यालयमा गए पनि प्रगति गर्न नसकेको पाइयो ।

## ५.३ थारु जातिका शैक्षिक समस्याहरू

स्थलगत अध्ययनबाट सङ्कलन गरिएका सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्कहरूलाई प्रस्तुतीकरण र विश्लेषण गरि थारु जातिका शैक्षिक समस्याहरूलाई पहिल्याई प्रस्तुत गरिएको छ ।अपेक्षित उद्देश्य प्राप्ति तथा क्रियाकलाप सञ्चालनमा आइपर्ने कठिनाइ तथा अवरोधहरूलाई समस्याको रूपमा परिभाषित गर्न सकिन्छ । समस्याले सबै क्षेत्रलाई गाँजिरहेको आजको जटील युगमा शिक्षाक्षेत्र त्यसबाट अछुतो रहन सक्दैन । शिक्षा सामाजिक संस्कारको जीवन्त संबाहक हो । नेपाल एक बहुआयामिक राष्ट्र हो, यो विभिन्न भाषा, संस्कृति, धर्म र रहनसहन भएका समुदायहरूको सँगमस्थल (Melting Pot) हो । त्यसैले एउटै पाठ्यक्रमले सबै समुदायलाई प्रतिनिधित्व गर्न सक्दैन । अझ पिछडिएका आदिबासी, जनजातिका शैक्षिक माग र आवश्यकतालाई सम्बोधन (Address) गर्न सकेको पाइदैन ।

**दहित** (२०६२) ले थारु समुदायको शैक्षिक उन्नीयन नहुनुमा बंशानुगत पेसा थाम्नुपर्ने, छिटो तात्ने ढिलो सेलाउने प्रवृत्ति, आफूलाई संधै उत्पीडित नै राखिरहने हिनताबोधको मनस्थिति जस्ता कुराहरू उल्लेख गरेका छन् ।

### ५.३.१ थारु जातिको शैक्षिक पहुँचका समस्याहरू

**भण्डारी** (२०५७) को अध्ययनले थारु बालबालिकाहरूको विद्यालयमा सहभागिता नहुनाका प्रमुख कारणहरूमा थारुहरूको आफ्नै स्वामित्वमा जग्गा जमिन नहुनु, गरिबीको कारण विद्यालय पोशाक जुटाउन नसक्नु, कापी-कलम किन्न नसक्नु , परम्परा र संस्कृतिको नाममा चाडपर्वहरूमा जाँडरक्सी र खानपिनमा फजुल खर्च गर्नु, जमिनदार र पूँजीपति मालिकहरूबाट शोषित हुँदै आउनु र यथास्थितिमा रमाउनु जस्ता कुराहरूलाई औंल्याएको छ ।

**अधिकारी** (२०६२) ले पिछडिएका आदिबासी जनजातिको शैक्षिक सहभागिता नहुनुमा बस्ने ठाउँ खोई ? पढ्ने किताब खोई ? हाम्रो भाषामा पढाउने शिक्षक खोई ? छात्रवृत्ति खोई ? शैक्षिक सामग्री खोई ? शिक्षक तालिम खोई ? आरक्षण खोई ? विशेष सुबिधा र अवसर खोई ? जस्ता **खोई** ? हरूको श्रृङ्खला नै समस्याका जड हुन् भनी औंल्याएका छन् ।

बर्दिया जिल्ला शिवपुर गाविसमा गरिएको स्थलगत अध्ययनका आधारमा थारु समुदायको शैक्षिक पहुँचका समस्याहरूलाई निम्नानुसार बुँदामा प्रस्तुत गरिएको छ -

- ❖ थारु जातिको परम्परागत कृषि प्रणालीका कारण सबैले खेतीपातीमा समय दिई ब्यस्त हुनु । कृषि बाहेक बैकल्पिक पेसाप्रति ध्यान दिएको पाइएन ।
- ❖ आर्थिक अवस्था कमजोर भएकोले विद्यालय उमेरका बालबालिकाहरू घरेलु कामदारका रूपमा अर्काको घरमा काम गर्न जानुपर्ने बाध्यता  देखियो ।
- ❖ सामाजिक पछौटेपन र निरक्षरताका कारण अभिभावकहरूमा शैक्षिक चेतनाको अभावले बालबालिकालाई शैक्षिक वातावरण उपलब्ध नभएको पाइयो ।
- ❖ **'सानो परिवार सुखी परिवार'** भन्ने भावनालाई ख्याल नगरी धेरै सन्तान जन्माई बालबालिकाको चौतर्फी विकासमा ध्यान दिन नसकेको र बेवास्ता गरेको पाइयो ।
- ❖ रुढिवादी परम्पराका कारण छोरा र छोरीबीच भेदभाव गरी छोरीलाई शिक्षाको अवसरबाट बञ्चित गरिएको र लैङ्गिक विभेद कायमै  रहेको पाइयो ।
- ❖ सरकारले कमैया मुक्तिको घोषणा गरेता पनि थारु समुदायलाई स्थायत्वको व्यवस्था नगर्दा जमिन्दारको घरमा बस्दाको भन्दा पनि अवस्था बिग्रिएको गुनासो पाइयो ।

### ५.३.२ थारु विद्यार्थीको शैक्षिक उपलब्धिका समस्याहरू

**सेरिड** (१९९९) को अध्ययनमा शैक्षिक उपलब्धि कम हुनुमा विद्यालयमा सिकाई वातावरण नहुनु, पूर्व-प्राथमिक शिक्षाको अभाव, शिक्षक तालिमको अभाव, प्रशासन र व्यवस्थापकीय पक्ष कमजोर हुनु जस्ता कुराहरू उल्लेख गरिएको छ। नेपालको शिक्षा विकासमा २० औं शताब्दीको अन्ततिर अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले व्यापक सहयोगात्मक काम गरे। यी संस्थाहरूको काम विशेष गरी भौतिक संरचना (Infrastructure) निर्माण गर्नेमा केन्द्रित थियो। शिक्षाका आन्तरिक पक्षको विकास, उपलब्धि र गुणस्तर वृद्धिजस्ता आन्तरिक दक्षता वृद्धि (Internal efficiency) मा कम ध्यान दिए। यी संस्थाहरूले शिक्षाको समग्र विकास (Whoe dev.) मा जोड दिए। आदिबासी जनजाति, अल्पसंख्यक समुदायको शैक्षिक उपलब्धितर्फ खासै ध्यान दिएनन्। यी र यस्तै कारणहरूले गर्दा थारु समुदायको शैक्षिक उपलब्धिमा प्रगति हुन सकेको देखिदैन।

**भण्डारी** (२०५७), को अध्ययनले थारु बालबालिकाको शैक्षिक उपलब्धि र गुणस्तर कम हुनुमा-विद्यालयमा शिक्षकहरू गैर-थारु समुदायका हुँदा भाषिक समस्या पर्नु, पारिवारिक आर्थिक र सामाजिक परिवेश कमजोर भएकोले शिक्षामा त्यसको नकारात्मक असर पर्नु, परीक्षामा धेरै पटक असफल हुँदा विद्यालयप्रति विश्वास नहुनु, नैराश्यता बढ्नु, खानपिन र मनोञ्जनमा धेरै समय बिताउनु, छोराछोरीको क्रियाकलापप्रति अभिभावकहरूले बेवास्ता (Ignore) गर्नु, धेरै समय खेतीपाती, पशुपालन र घरायसी काममा ब्यस्त हुनु जस्ता कुराहरू उल्लेख गरेको छ।

बर्दिया जिल्ला शिवपुर गाविसमा स्थलगत अध्ययनका आधारमा थारु समुदायका शैक्षिक उपलब्धिका समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ -

- थारु बालबालिका विद्यालय प्रवेश गर्नु पूर्व आवश्यक पर्ने नेपाली भाषाको दक्षता प्रयाप्त मात्रामा विकास भई नसकेकोले यही भाषिक दरिद्रता (Verbal Distitution) सिकाइका लागि बाधक बनेको पाइयो।
- थारु अभिभावकहरू आफैमा निरक्षर भएकोले उनीहरूले आफ्ना बालबालिकालाई निरन्तररूपमा पढाइ सम्बन्धी सहयोग, सल्लाह र मार्गदर्शन (Guideline) गर्न नसकेको देखियो ।
- संयुक्त परिवार भएकोले घरमा भीडभाडपूर्ण वातावरण होहल्ला हुने गरेको र पढाइका लागि छुट्टै कोठाको व्यवस्था नभएको पाइयो ।

- ❖ गरिबीका कारण शैक्षिक सामग्री, झोला, कापी, किताब, कलमको आवश्यक व्यवस्था गर्न नसक्नु । विद्यालयहरूले पनि गरिबहरूका लागि सकारात्मक प्रोत्साहनहरू प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन नगरेको पाइयो ।
- ❖ शिक्षक र अभिभावकहरू बीच भेटघाट, छलफल, बीचार आदान-प्रदानको वातावरण सिर्जना नगरेको पाइयो । यसबाट विद्यार्थीका घरमा समस्याहरू शिक्षकले थाहा नपाउने र अभिभावकले विद्यालयका समस्याहरू थाहा पाउन नसकी उपयुक्त सिकाइ वातावरण नभएको पाइयो ।
- ❖ विद्यालयमा कक्षाकोठाको व्यवस्थापन हेर्दा थारु बालबालिकाका प्रायः कक्षाको पछिल्लो बेन्चहरूमा बस्ने गरेको, शिक्षण गर्दा छलफल गर्ने सीपको विकास नभएको, लजाउने, डराउने गरेको पाइयो । यसबारे शिक्षकसँग प्रतिक्रिया माग्दा **थारु विद्यार्थीहरू कक्षामा पछाडि बस्दछन्, पढाएको सुन्दैनन्, सुनेपनि ध्यान दिंदैनन्, प्रश्न सोद्धा लजाउने, डराउने गर्दछन्,** भन्ने उत्तर पाइयो ।
- ❖ थारु बालबालिकाहरूमा लघुताबोध (Low-self Image) बाट ग्रसित भएको पाइयो । यो प्रवृत्तिलाई उनीहरूको सिकाइ असफलताले झन पुनर्बल प्रदान गरेको पाइयो । उनीहरूमा विद्यमान निसृतः नकारात्मक आत्मानुभूति (Negative-self Image) नै असफलताको लागि प्रमुख समस्याको रूपमा रहेको पाइयो ।
- ❖ वर्तमान उत्तीर्ण र अनुत्तीर्ण गर्ने परीक्षा प्रणालीले थारु बालबालिकालाई भयभित र तनावयुक्त (Exam Fobia) पार्दो रहेछ । यही भय र तनावले सिकाइ उपलब्धिमा कमजोर हुने गरेको पाइयो ।
- ❖ द्विभाषिक माध्यमले शिक्षण नगर्दा बालबालिका नियमत रूपमा नसक्ने, शैक्षणिक क्रियाकलापमा सहभागिता र उपलब्धि स्तर बढ्न नसक्ने, विद्यार्थीहरूमा नयाँ कुराको अवधारणा बसाल्न सहयोग नपुग्ने, बालबालिकाले बीचैमा विद्यालय छोड्ने, तह पूरा गर्न नसक्ने, अन्तरनिहीत क्षमता प्रस्फुटन गराउन नसक्ने जस्ता समस्याहरू पाइयो ।

### ५.३.३ थारु समुदायको अनौपचारिक शिक्षाका समस्याहरू

अध्ययन क्षेत्रमा थारु समुदायले अनौपचारिक शिक्षा प्राप्ति गर्नमा विभिन्न समस्याहरू विद्यमान रहेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

- ❖ समग्र रूपमा सञ्चालन गरिने अनौपचिारक शिक्षाले थारु समुदायलाई पूरै समेट्न नसकेको पाइयो । गैर-थारु समुदायका मानिसहरूले अनौपचारिक कक्षाको संख्या

(Quota) ओगट्ने भएकोले, थारु समुदायलाई प्राथमिकता दिएको देखिएन । यसबाट थारु समुदाय झन झन पछि पर्दै गइरहेका छन् ।

- ❖ थारु समुदायका मानिसहरूले दिनभरि कडा शारीरिक परिश्रम गर्नुपर्ने हुँदा दिउँसोमा फुर्सद नहुने र साँझमा थाक्ने भएकोले अनौपचारिक शिक्षाप्रति बेवास्ता गरेको पाइयो । **काम नगरी खान पाइँदैन, कति बेला पढ्ने ? दिनभरि काम गर्नु पऱ्यो, राति थकाइलाग्छ सुत्नु पऱ्यो** भन्ने प्रतिक्रिया स्वयं थारु समुदायबाट पाइनुले आवस्यकता र तत्परताको समस्या देखियो ।
- ❖ अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा समावेश गर्ने सरकारी नीति भए पनि थारु बालबालिकाहरू बढी उमेरका साना उमेरकासँग सँगै एउटै कक्षामा बसेर पढ्न लाज मान्ने समस्या पाइयो । स्कुलमा साना उमेरका हुन्छन्, हामी यती ठूला पढ्न लाज लाग्छ भन्ने १३-१४ वर्षका केटाकेटीहरूले भनेको पाइयो ।
- ❖ अनौपचारिक शिक्षा साक्षरतामा मात्र सिमित भई सीपमूलक, कार्यमूलक र व्यावसायिक नभएकोले थारु समुदायलाई आकर्षण गर्न सकेको छैन भन्ने प्रतिक्रिया शिक्षकहरूबाट पाइयो । थारु समुदायबाट **'यो उमेरमा पढेर के काम, पढाइले खान दिंदैन, अब नोकरी गर्ने होइन'** भन्ने जस्ता प्रतिक्रिया पाइयो ।

## ५.४ थारु जातिका शैक्षिक समस्या समाधानका उपायहरू

अध्ययन क्षेत्रका सरोकारवालाहरूले दिएका प्रतिक्रिया, छलफल र अवलोकनका आधारमा आवश्यकतानुसार विभिन्न उप-शीर्षकहरूमा समस्या समाधानका उपायहरूलाई समेट्ने प्रयास गरिएको छ । समस्याभित्र सम्भावनाको बीउ स्वतः विकसित भएर आएको हुन्छ । अनुसन्धान कार्य एक बौद्धिक कार्य भएकोले समस्या भित्रैबाट समाधानका उपायहरू प्रस्तुत गर्न सक्नुपर्दछ । **अधिकारी** (२०६२) का अनुसार विद्यालय शिक्षाको गुणस्तर बढाउन मानवीय संशाधनको व्यवस्थापन अर्थात समसामयक तालिमहरू सञ्चालन गर्ने, शिक्षण-सिकाइ अवधारणा लागु गर्ने, केटाकेटीको उमेर र रूचि अनुसारका आकर्षक र सुन्दर सन्दर्भ सामग्रीहरू विकास गर्ने, प्रवर्तनात्मक र नयाँ शिक्षण बिधिको सुरुवात गर्ने, शिक्षा चेतनाकरणको कार्य ब्यापक गर्ने, बालिका तथा महिलाहरूको सहभागितामा बृद्धि गराउँदै शिक्षालाई लैङ्गिक संवेदनशीलता बढाउने कुराको उल्लेख गरिएको छ ।

**सेरिड** (१९९८) को शैक्षिक उपलब्धि बढाउने उपायहरूमा शिक्षकहरूलाई तालिम कार्यक्रम, निरन्तर मूल्याङ्कन पद्धति, विद्यार्थीलाई प्रयाप्त गृहकार्य, विद्यालय व्यवस्थापन, प्रशासन र सुपरीवेक्षणमा प्रभावकारिता, पारदर्शिता जस्ता सुझावहरू प्रस्तुत गरेको छ ।

**खनाल** (१९९९) को अध्ययनले थारु समुदायका शैक्षिक समस्या समाधानका उपायहरूमा-थारु बालबालिकालाई विशेष छात्रवृत्ति र सुबिधाहरू (पाठ्यपुस्तक, छात्राबास, पोशाक), प्रदान गर्नुपर्ने, थारु समुदायमा थारु अभिभावकहरूलाई उत्प्रेरणा जगाउनु पर्ने, थारु शैक्षिक जनशक्तिलाई जागिरका अवसरहरू प्रदान गर्नुपर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ ।

**बस्नेत** (**१९७८**) को अध्ययनले थारु समुदायको शैक्षिक पहुँच बढाउने उपायहरूमा कमैया प्रथा उन्मूलन गर्नुपर्ने, कृषि ऋण र जग्गा प्रदान गर्नुपर्ने, थारु शिक्षकहरूलाई प्राथमिकता दिनुपर्ने, अनौपचारिक शिक्षा, शिक्षा सदन कार्यक्रम सञ्चालन गर्नु पर्ने, छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम लागु गर्नु पर्ने, महिला शिक्षिकालाई प्राथमिकता दिनुपर्ने, मातृभाषामा शिक्षा दिनुपर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ ।

### ५.४.१ थारु समुदायको शिक्षामा सहभागिता बढाउने उपाय

**सुतेको मानिसलाई ब्युँझाउन सकिन्छ तर सुतेको निहुँ पारेको मानिसलाई ब्युँझाउन सकिदैन** । त्यसैले मानिसमा उत्प्रेरणा जगाउन उसको भित्री चाहना, इच्छा र आवश्यकतालाई पहिचान गर्न र उसको यथार्थतालाई बुझि सोही अनुसारको उपचारात्मक व्यवहार (Clinical Behaviour) गर्न सक्नुपर्दछ । स्थलगत अध्ययनका आधारमा थारु समुदायको शिक्षामा सहभागिता बढाउने उपायहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ-

- थारु समुदायमा थारु अभिभावकहरूलाई शिक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- आयआर्जनका अवसरहरू प्रदान गरी कृषिलाई व्यावसायिकरण गर्दै नगदे बाली, तरकारी बालीको उत्पादन बढाई उब्जनीको उचित मूल्य दिनु पर्दछ ।
- कृषि ऋण, बिना ब्याजमा ऋण तथा केही नभएकालाई अनुदानको व्यवस्था गर्नुपर्छ । जग्गा नभएकालाई स्थाय बसोबासको लागि जग्गा उपलब्ध गराउनु पर्दछ ।
- शिक्षक-अभिभावक सम्बन्ध सुमधुर र बलियो बनाउन घरदैलो कार्यक्रम, अभिभावक भेला कार्यक्रम, सञ्चालन गरी बिचार आदान-प्रदान (Exchange) गर्नुपर्दछ ।
- पढेलेखेका सचेत थारुहरू स्वयम् जागा भई चेतनामूलक र जागरण ल्याउन प्रतिबद्ध हुनुपर्छ । अरूको भर परेर, आश्रित भएर हुँदैन । आफ्नो लागि अझै परिश्रम गर्नुपर्छ ।

### ५.४.२ थारु बालबालिकाको शैक्षिक उपलब्धि बढाउने उपाय

**'इलमीका भागमा माछा र मासु, अल्छीका आँखामा आँशु'** भने झै पहिले परिश्रम गरेपछि मात्र पछि मीठो फल पाइन्छ । सोही अनुरुप विद्यार्थीहरू परिश्रमी र लगनशील भएमा

शैक्षिक उपलब्धि राम्रो हुन्छ । विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न विद्यालयको साथै घर, परिवार र समुदायले सकारात्मक भूमिका खेल्नु पदर्छ ।

**सेरिड** (१९९८) को अध्ययनले शैक्षिक उपलब्धि बढाउने उपायहरूमा शिक्षकहरूलाई विषयगत तालिम दिनुपर्ने, विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्नुपर्ने, सरोकारवाला सबैपक्षहरूबीच समन्वय हुनुपर्ने, व्यवस्थापन, प्रशासन, निरीक्षण र सुपरीवेक्षणलाई प्रभावकारी बनाउनुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरेको छ स्थलगत अध्ययनका आधारमा थारु बालबालिकाको शैक्षिक उपलब्धि बढाउने उपायहरू निम्नानुसार प्रस्तुत गरिएको छ-

- ❖ शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक विद्यालयले नै वितरण गरी सुरुदेखि नै शिक्षणलाई प्रभावकारी बताउनु पर्छ ।
- ❖ थारु बालबालिकालाई हौसला र प्रेरणा प्रदान गर्न प्रगतिका आधारमा पुरस्कार, छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ ।
- ❖ थारु विद्यार्थीहरूमा कक्षामा अगाडी बसाली छलफलमा सक्रिय हुने अवसर प्रदान गर्नुपर्छ । उनीहरूका सानासाना कुराहरू, प्रश्नहरू र जिज्ञासाहरूमा ध्यान दिई सहभागितामूलक छलफल गर्नुपर्दछ । नजिकको आत्मिय सम्बन्ध कायम गरी सहयोगी र पथप्रदर्शक बन्नुपर्छ ।
- ❖ थारु समुदायका शैक्षिक समस्याहरू समाधान गर्नका लागि सरोकारवाला सबै पक्षहरू, निकायहरूले आपसी समन्वय गरी सबैले आफ्नो-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गर्नुपर्दछ ।

स्थलगत अध्ययनका आधारमा थारु समुदायमा शैक्षिक विकास गर्न निम्न पक्षहरूले आफ्नो-आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ -

### ५.४.३ सरकारको भूमिका

सरकार राज्यका जनताहरूको अभिभावक हो । त्यसकारण राज्यका सबै जनतालाई समानता र समताको आधारमा आधारभूत सेवाहरू प्रदान गर्नुपर्दछ । सोही अनुरुप थारु समुदायलाई आधारभूत शिक्षा उपलब्ध गराउनु राज्यको दायत्व मानिन्छ । शिवपुर गाविस को स्थलगत अध्ययनका आधारमा थारु समुदायको शिक्षाका लागि सरकारले निम्नानुसारको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ-

- ❖ वास्तविक र यथार्थताको अध्ययन गरी आर्थिक कठिनाइका कारण विद्यालयमा आउन नसकेका थारु बालबालिकालाई शैक्षिक सामग्री, पोशाक निःशुल्क उपलब्ध गराउनु पर्दछ । जसले गर्दा आर्थिक कठिनाइका कारण शिक्षाबाट बञ्चित हुन नपरोस् ।
- ❖ निरन्तर रूपमा विद्यालयमा उपस्थित हुने बालबालिकालाई प्रोत्साहन स्वरुप थप सुबिधा उपलब्ध गराई उनीहरूका अभिभावकहरूलाई आय आर्जनका अवसरहरू दिलाउन आयमूलक र सीपमूलक व्यावसायिक तालिम प्रदान गर्नु पर्दछ ।
- ❖ अनिवार्य र निःशुल्क प्राथमिक शिक्षालाई कानुन बनाई कडाइका साथ लागु गर्नु पर्दछ ।
- ❖ पास र फेलको परम्परागत परीक्षा प्रणालीलाई सुधार गरी विद्यार्थीको कार्य सञ्चयिका (Work Cumulative) को आधारमा निरन्तर मूल्याङ्कन प्रणालीद्वारा उदार कक्षोन्नति नीति लागु गर्नु पर्दछ ।
- ❖ थारु शैक्षिक जनशक्तिलाई रोजगारीमा प्राथमिकता र आरक्षणको सुनिश्चितता गर्नुपर्दछ ।
- ❖ छात्राहरूको भर्ना वृद्धि गर्न विद्यालयमा महिला-शिक्षकको अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

### ५.४.४ समुदायको भूमिका

**'रोटी पाक्नका लागि तावा तात्नै पर्दछ, बिंड मात्र तातेर हुँदैन'** भने झै स्थानीय विकास र समुदायको विकासको लागि स्थानीय समुदाय नै सक्रिय हुनुपर्दछ । अरूको मुख ताकेर र आश्रित भएर बाहिरी पक्षले स्थानीय समुदायको आवश्यकता अनुसारको विकास गरिदिँदैन । त्यसकारण आफ्नो विकास आफै गर्नुपर्दछ । **'आफ्नो गाउँ आफै बनाऔं', स्वावलम्बी कार्यक्रमहरू** यस्ता कार्यक्रम हुन सक्दछन् । सोही अनुरुप थारु समुदायको विकासका लागि स्वयं थारु समुदाय नै सक्रिय हुनुपर्दछ । अरूले विकास गरिदिने भए आजसम्म विकास भइसक्थ्यो । स्थलगत अध्ययनका आधारमा शिवपुर गाविसका थारु समुदायको शैक्षिक विकासका लागि समुदायको भूमिकालाई निम्नानुसार उल्लेख गरिएको छ –

- ❖ स्थानीय निकाय, समुदाय र गैर-सरकारी संस्थाबीच समन्वय कायम गरी एकीकृत विकास (Integreted Development) को अवधारणा अनुसार शैक्षिक विकास लगायत अरू विकासका कार्यक्रमहरूलाई अगाडि बढाउनु पर्छ ।
- ❖ स्थानीय स्रोत र साधनको उपयोग गरी समुदायका वास्तविक आवश्यकताका कार्यक्रमहरू साझेदारीरूपमा (Partnership) सञ्चालन गर्नु अग्रसर हुनु पर्दछ ।

- ❖ विद्यालय क्रियाकलापमा समुदायको सक्रिय सहभागिता गराई निरन्तर अन्तरक्रिया, छलफल, समुदायद्वारा नै सुपरीवेक्षण र व्यवस्थापकिय क्रियाकलापहरूमा चासो राख्नु पर्दछ ।
- ❖ आफ्ना बालबालिकाहरूलाई उपयुक्त र अनुकूल शैक्षिक वातावरण निर्माण गरी शैक्षिक सामग्रीहरू उपलब्ध गराइदिइ समय र अवसर प्रदान गर्नुपर्दछ । विद्यालयमा गई आफ्ना बालबालिकाको प्रगति विवरण निरन्तर रूपमा बुझ्रिरहनु पर्दछ ।
- ❖ विद्यालय समुदायकै अभिन्न अङ्ग भएकोले विद्यालयलाई अन्तर्लाभ (Spill-ins) को अवधारणा अनुसार समुदायले सबै क्षेत्रबाट सहयोग गर्नु पर्दछ ।

### ५.४.५ विद्यालयको भूमिका

राम्रो र गुणस्तरीय उत्पादनका लागि बिऊ (Seeds) एवं लगानी (Input) राम्रो र गुणस्तरीय हुनु अत्यन्तै आवश्यक छ । उत्पादन गर्ने जमिन (Land) र मेसिन स्तरीय हुनु पर्दछ । सोही अनुसार शिक्षाको विकास लक्षित समूहसम्म पुऱ्याउन शैक्षिक भूमि र शैक्षिक प्रक्रिया स्तरीय हुनु पर्दछ । विद्यालयस्तरीय हुनुपर्दछ, भौतिक पूर्वाधार प्रयाप्त हुनु पर्दछ, विद्यालयमा भएको साधन र स्रोतको अधिकतम उपयोग हुनुपर्दछ, विद्यार्थीहरूको हितमा प्रयोग गरिनु पर्दछ । पढाउने शिक्षकहरू तालिम प्राप्त हुनुपर्दछ । शिक्षकहरू समुदायको अगुवा, पथ-प्रदर्शक बन्नु पर्दछ । विद्यार्थीहरूको सहयोगी बन्नु पर्दछ । शिक्षाका नीति, नियम र कार्यक्रमलाई वास्तविक रूपमा कार्यान्वय गर्ने थलो विद्यालय भएकोले शैक्षिक विकासमा विद्यालयको भूमिकालाई अतुलनीयरूपमा लिनु पर्दछ । स्थलगत अध्ययनका आधारमा शिवपुर गाविसका थारु समुदायको शैक्षिक विकासका लागि विद्यालयको भूमिकालाई निम्नानुसार उल्लेख गरिएको छ -

- ❖ समुदाय र विद्यालयको सम्बन्ध सहयोगी र विश्वासिलो बनाउन शिक्षकहरूले समुदायमा अनुकरणीय काम गर्नुपर्दछ, प्रेरणाको स्रोत बन्नु पर्दछ, पथ-प्रदर्शक बन्नु पर्दछ, जसले गर्दा समुदायको विद्यालयप्रति आत्मियता र विश्वास लागोस् ।
- ❖ विभिन्न सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई उपचारात्मक शिक्षण (Clinical teaching) बिधिबाट शिक्षण गर्नुपर्दछ ।
- ❖ विद्यालय सेवा क्षेत्र भित्रका विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी सबैलाई विद्यालयमा ल्याउने वातावरण सिर्जना गर्नुपर्दछ ।
- ❖ सबै समुदाय, वर्ग, लिंङ्ग, जातजातिका विद्यार्थीहरूलाई समान व्यवहार गर्नुपर्दछ अझ सुविधाविहिन र कमजोरलाई विशेष निगरानी र सहयोग गर्नुपर्दछ

# भाग-६
# सारांश, निष्कर्ष र सुझावहरू

अध्ययनका मूलभूत पक्षलाई सारांश, अध्ययनको सन्देश,निचोडलाई निष्कर्ष र अध्ययनका उपादेयतालाई सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

थारु समुदाय नेपालका आदिबासी, वास्तविक **धर्तीपुत्र** (Landson) भएर पनि पिछडिएको र सुबिधाविहीन वर्ग (Disaventaged Group) का रूपमा रहनु बिडम्बना हो । जसले धर्ती खनेर, परिश्रम गरेर खेतीयोग्य बनाए, उनीहरूको नाममा जमिन नहुनु सामाजिक अन्याय हो । कमैया बस्दै आएका थारु समुदाय **'कमैया मुक्तिको'** घोषणा पछि पनि स्थायित्व नभई झन कठिन परिस्थितिमा बस्न बाध्य छन् । अहिले पनि थारुहरू शोषणमा परिरहेका छन् । यस अध्ययनमा थारु समुदायको शैक्षिक अवस्थालाई विश्लेषण गर्न चारवटा उद्देश्यहरू राखिएको छ - थारु जातिको शैक्षिक अवस्थाको पहिचान र विश्लेषण गर्नु , थारु जातिको सामाजिक अवस्था र शिक्षाको सम्बन्ध उल्लेख गर्नु , शैक्षिक समस्या विश्लेषण गर्नु र शैक्षिक समस्या समाधनका उपायहरू खोजी गर्नु । अध्ययन क्षेत्र बर्दिया जिल्लाको शिवपुर गाविस मा थारु समुदायको बाहुल्यता भएकोले अध्ययनको लागि छनौट गरिएको हो । अनुसन्धानमा वर्णणात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । तथ्याङ्कका स्रोत प्राथमिक र द्धितीयक दुबै छन् र तथ्याङ्क सङ्ख्यात्मक र गुणात्मक दुबै प्रकृतिका छन् । शिवपुर गाविस को समग्र थारु जनसङ्ख्याको र शैक्षिक संस्थाहरूको ३० प्रतिशत भन्दा बढी नमुना छनौट गरिएको छ । तथ्याङ्क सङ्कलनका साधनहरूमा प्रश्नावली, अन्तरवार्ता, अवलोकन र सर्वेक्षण बिधिहरूको प्रयोग गरिएको छ । मुख्य सूचनादाता र लक्षित समूहसँग छलफल गरिएको छ ।

अध्ययन क्षेत्र बर्दिया जिल्ला शिवपुर गाविस का बसोबास गर्ने थारु समुदाय पहिलेदेखि नै आदिबासी भएको दाबी गर्दछन् । थारु समुदायको आफ्नै संस्कृति, भेषभूषा र परम्परा छ । पछिल्ला दिनहरूमा अरू समुदायको संस्कृतिसँग समायोजन (Adjustment) हुँदै आएको पाइन्छ तर आफ्नो मौलिक परम्परा छोडेका छैनन् । स्थलगत अध्ययनबाट प्राप्त भएका थारु समुदायको शिक्षासँग सम्बन्धीत मूलभूत पक्षहरूलाई सारांशका रूपमा निम्नानुसार उल्लेख गरिएको छ -

- ❖ अध्ययन क्षेत्रमा थारुको कूल जनसङ्ख्या ५४% र गैर-थारु जनसङ्ख्या ४६% भई थारु समुदायको साक्षरता ३७% मात्र भएको र चेतनाको कमी भएको देखियो ।

- S.L.C. भन्दा माथिल्लो योग्यता (उच्च शिक्षा) प्राप्त गर्ने थारु जनशक्ति ७६ जना मात्र भई थारु जनसङ्ख्याको १.८% मात्र पाइयो ।
- थारु बालबालिकाहरूको प्राथमिक तहमा शुद्ध भर्ना दर (NER) (५-९ वर्ष उमेर समूहको) ६२% पाइयो र सोही उमेर समूहका ३८% बालबालिका विद्यालय बाहिर (Out of School) आएको पाइयो ।
- अधिकांश विद्यालय उमेरका थारु बालबालिकाहरू शहरी क्षेत्रमा बालश्रमिकको रूपमा घरेलु कामदार, गाउँमा बालश्रमिक र घरायसी काम गर्न बाध्य भएको पाइयो ।
- अध्ययन क्षेत्रमा कार्यमूलक, सीपमूलक र व्यावसायिक अनौपचारिक शिक्षा थारु समुदायलाई लक्षित गरी प्रभावकारीरूपमा सञ्चालन भएको पाइएन ।
- विद्यालयमा थारु बालबालिकाको उपस्थितिको नियमतातामा कमी देखियो र बीचैमा विद्यालय छोड्ने प्रवृत्ति बढी देखियो ।
- कक्षाभित्र थारु बालबालिका पछाडि बस्ने गरेको, भाषागत समस्याले पढाएको नबुझ्ने प्रश्नसोध्न, छलफल गर्न लजाउने, डराउने गरेको र निस्क्रिय भएको पाइयो । आत्मबल कमजोर भएको पाइयो ।
- शारीरिक अतिरिक्त क्रियाकलापमा सक्रिय रहेको र बौद्धिक अतिरिक्त क्रियाकलापमा निस्क्रिय रहेको पाइयो ।
- कमजोर आर्थिक अवस्था भएका थारु-समुदायलाई उकास्ने र समतामूलक कार्यक्रमहरु सरकारी पक्ष र गैरसरकारी विकासे संस्थाहरूबाट सञ्चालन नभएको पाइयो ।
- विद्यालयमा भौतिक पूर्वाधारहरू खानेपानी, शौचालय, फर्निचरहरूको अभाव भएको पाइयो ।
- थारु समुदाय परम्परागत चाडपर्वहरूमा संस्कृतिका नाममा फजुल खर्च गर्ने, मोजमस्तिमा भुल्ने र यथास्थितिमा रमाउने गर्नाले प्रगति हुन नसकेको देखियो ।
- धेरै सन्तान जन्माउने तर सन्तानको भविष्यप्रति सचेत नभएको र बेवास्ता गरेको पाइयो ।
- विद्यमान पास र फेल गराउने परीक्षा प्रणालीले थारु बालबालिकालाई भयभीत र तनावयुक्त (Exam fobia) बनाई फेल भएपछि विद्यालय छोड्ने मनस्थितिमा पुऱ्याएको पाइयो ।

## ६.२ निष्कर्ष

थारु समुदाय असमान ब्यवहार र शोषणमा गुज्रिरहेको छ । कमैया प्रथालाई प्राचीनकालको दास प्रथाको अवशेषका रूपमा लिन सकिन्छ । संविधान, ऐन, नियममा कानुन बनेतापनि उचित कार्यान्वयन भएको छैन । सम्पूर्ण समस्याको मूलकारण आर्थिक अवस्था रहेछ । Karl Marx को 'आर्थिक निर्धारणवाद' (Economic Determinism) ले भने झैं थारु समुदायका सबै समस्याहरूको आधारभूत कारण **आर्थिक समस्या** देखियो । सरकारले **'कमैया मुक्ति'** घोषणा गरेको ७ वर्ष बितिसक्दा पनि थारु समुदायको अवस्थामा खासै परिवर्तन आउन सकेको छैन । यसबाट पूरानै कमैया प्रथाले निरन्तरता पाउन सक्ने सम्भावना देखिन्छ । थारु समुदायको उत्थान र विकासमा सरकारी तथा गैर-सरकारी संस्थाहरूको उल्लेखनीय भूमिका देखिदैन । Paulo Frere र Evan Ellich ले भने झै सामाजिक संरचनाले पछाडि पारेका र स्वतन्त्र नभएका थारु समुदायमा शैक्षिक विकास हुन सक्दोरहेछ । वर्तमान आदेशमूलक बैकिङ्ग र लादिएको शिक्षाप्रणालीले थारु समुदायका बालबालिकालाई अवसर दिन सक्दो रहनेछ ।

गैर-थारु समुदायका उच्च बर्गीयहरूलाई निरन्तर राजनीति, प्रबिधि, अर्थ, शिक्षा र सांस्कृतिक नीतिले नेतृत्वमा राखिराख्ने, झन-झन प्रगति गराउने, तर निम्न वर्गीय थारु समुदायलाई सदैव कजाई राख्ने, आश्रित बनाउने राज्य संयन्त्र र नीतिका कारण झन-झन दलदलमा फसाउने रहेछ । यसबाट धनी र गरिब बीचको खाडल झन-झन बढ्दो रहेछ ।

थारु शिक्षकहरूको अभाव, स्थानीय आवश्यकता र रुचि अनुसारका पाठ्यक्रमको अभावमा आदिबासी र जनजाति थारु समुदायको शैक्षिक विकास हुन सक्दो रहेनछ । थारु बालबालिकाका शारीरिक क्रियाकलापमा सक्रिय हुनु, माछा मार्न (Fishing) सिपालु हुनु जस्ता कार्यहरूबाट रुचि अनुसारको शिक्षा दिन सके प्रगति हुँदो रहेछ ।

## ६.३ सुझावहरू

विकासको मूलआधार शिक्षा हो । शिक्षाको जग (Foundation) प्राथमिक शिक्षा हो । त्यसकारण थारु समुदायको शैक्षिक विकास गर्न चौतर्फी विकास गरी थारु बालबालिकाहरूलाई प्राथमिक शिक्षाको अवसर सुलभ र सरल प्रणालीबाट उपलब्ध गराउनु पर्दछ । ऐन-नियमहरूका कागजी योजना (Paper plan) ले परिवर्तन गर्न सक्दैन । त्यसकारण थारु समुदायको शैक्षिक अवस्थामा सुधार गर्न स्थलगत अध्ययनका आधारमा निम्नानुसारका सुझावहरू तयार पारिएको छ -

- ❖ सुबिधाबिहीन थारु बालबालिकाहरूलाई थप सुविधा, विशेष अवसर र आरक्षणको व्यवस्था गर्नुपर्दछ । छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री, रोजगारी उपलब्ध गराउनु पर्दछ ।
- ❖ विद्यालयमा विभेदरहीत शिक्षण-सिकाइ क्रियाकलापद्वारा थारु बालबालिकाको रुचि र आवश्यकतालाई पूरा गर्ने अनुकूल वातावरण विद्यालयहरूले सिर्जना गर्नुपर्दछ ।
- ❖ थारु समुदायको आर्थिक, शैक्षिक, सामाजिक र चौतर्फी विकास गर्न आयमूलक, सीपमूलक, व्यावसायिक तालिम, अनौपचारिक शिक्षा, ऋण, सुविधाहरू सरोकारवाला सबै संस्थाहरूले समन्वय गरी एकीकृत (Intigrated) रूपमा एकैसाथ सञ्चालन गरिनु पर्दछ ।
- ❖ सहभागितामूलक व्यवस्थापन, सामुदायिक व्यवस्थापन, विकेन्द्रीकरण व्यवस्थापनको अवधारणा अनुसार शैक्षिक संस्थाहरूमा थारु समुदायको संलग्नता बढाई अपनत्व (Ourself) को भावनामा बृद्धि गर्नुपर्दछ ।
- ❖ विद्यालयमा मातृभाषी थारु शिक्षक-शिक्षिकाहरूको अनिवार्यता गर्नुपर्दछ । थारु शैक्षिक जनशक्तिलाई रोजगारीको अवसर दिनुपर्दछ ।
- ❖ असमान, बिभेदपूर्ण र रुढीवादी व्यवहारहरूलाई कानुन बनाई कडाइका साथ लागु गर्न सरकार प्रतिबद्ध हुनुपर्दछ । नागरिकहरूलाई राज्य सरकारको अनुभूति र संरक्षण हुनु पर्दछ ।

**समाप्त**

## सन्दर्भ सामग्रीसूची


✍ **अन्तर्राष्ट्रिय शैक्षिक मञ्च** (२०५९-२०६४), विभिन्न अङ्कहरू, काठमाडौं: अन्तर्राष्ट्रिय मञ्चको कार्यालय ।

✍ आचार्य, उत्तमप्रसाद (२०६१), **थारु जातिका बालबालिकाहरूको प्राथमिक तहमा सहभागिता,** सुर्खेतको अध्ययन, शोध-पत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

✍ आचार्य, बालकृष्ण (२०६४), **प्राथमिक तहमा थारु बालबालिकाको सहभागिता,** बर्दियाको अध्ययन, शोध-पत्र शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

✍ आचार्य, शुशन र मुकुन्दमणी खनाल (२०६३), **शिक्षाको वित्तीय अर्थशास्त्र,** काठमाडौं: मकालु प्रकाशन गृह ।

✍ आदिबासी तथा जनजाति विकास प्रतिष्ठान (२०५८) **नेपालका आदिबासी तथा जनजातिहरू,** काठमाडौं ।

✍ इन्सेक (२०५७), **नेपालमा बाधा श्रम,** काठमाडौं ।

✍ कंडेल, निर्मला (२०५५), **थारु जातिको सामाजिक तथा आर्थिक अवस्था,** सुनसरीको अध्ययन, शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

✍ काफ्ले, वासुदेव र अन्य (२०६०), **शैक्षिक योजना,** काठमाडौं: भुडीपूँराण प्रकाशन ।

✍ काफ्ले, वासुदेव र अन्य (२०६१), **शैक्षिक प्रशासन र सुपरीवेक्षण**, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

✍ काफ्ले, वासुदेव र अन्य (२०६१), **शैक्षिक प्रवीधि र अनौपचारिक शिक्षा**, काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि. ।

✍ कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०५९), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

✍ खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं : स्टुडेन्टस् बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

✍ चौधरी, भोजराज (२०५२), **मानव सभ्यता व थारु समाज**, बर्दिया : टेलवा (BASE) ।

✍ दहित, गोपाल (२०६२), **बर्दियाको थारु शैक्षिक दर्पण**, बर्दिया: जिल्ला विकास समिति ।

✍ दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५८), **अनुसन्धान पद्धति,** काठमाडौं: एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

✍ **नेपालको अन्तरिम संविधान** (२०६३), काठमाडौं: कानुन किताब व्यवस्थान समिति ।

✍ पौड्याल, घनश्याम (२०५७) **कमैया प्रथा**, काठमाडौं: जनएकता साप्ताहिक (५-१७) ।

✍ **बर्दिया जिल्लाको शैक्षिक दर्पण** (२०६२), बर्दिया जिल्ला शिक्षा कार्यालय ।

✍ बम, कीर्तिसिंह (२०६२), **मुक्त थारु कमैयाका बालबालिकाको प्राथमिक तहमा सहभागिता,** कैलालीको अध्ययन शोध-पत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

✍ बिष्ट,डोरबहादुर (१९६७), **सबै जातको फूलबारी**, काठमाडौं: रत्नपुस्तक भण्डार ।

✍ बिष्ट,मीनबहादुर (२०६०), **२१ औं शताब्दीको लागि प्राथमिक शिक्षा,** ललितपुर: समयबोध मासिक ।

✍ बुढा, भीउसिंह (२०५९), **मुक्त कमैयाहरूको सामाजिक र आर्थिक अवस्था**, बर्दियाको अध्ययन, शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौं ।

✍ बेश, (२०५१), **कमैयाहरूको अध्ययन** ।

✍ भण्डारी, बसन्तराज (२०५७), **थारु बालबालिकाको प्राथमिक तहमा शैक्षिक उपलब्धि,** बर्दियाको एक अध्ययन, शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन  विभाग, कीर्तिपुर काठमाडौं ।

✍ रजौरिया, दोर्णप्रसाद (१९७७), **दाङ-देउखुरीका थारु जातिको मानवशास्त्रीय अध्ययन** शोधपत्र, CENAS, त्रि.वि. काठमाडौं ।

✍ वाग्ले, मनप्रसाद र उपेन्द्रकुमार कार्की (२०६१), **शिक्षाका आधारहरू**, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

✍ शर्मा, चिरञ्जीवि र निर्मला शर्मा (२०६२), **शिक्षाका आधारहरू,** काठमाडौं एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

✍ **शिक्षा ऐन** (२०५८), आठौं संशोधन र **शिक्षा नियमावली** (२०५९) संशोधनसहित, काठमाडौं कानुन किताब व्यवस्था समिति ।

✍ CBS (2005), **Statistical year Book,** Kathmandu.

✍ CERID (1990), **Wastage in Primary Education in Nepal,** Kathmandu:T.U.(ERID).

✍ Jnawali, Damodar (1999), **The Tharus of Bardiya District in Nepal Tarai,** Ph.D.Thesis, B.H.U. Varanasi.

✍ Petersen, B.L. (2003), **Experiences of the Freedom for Education Project in Bardiya,** Kathmandus:MS, Nepal.

## अनुसूची-१

## थारु अभिभावक (प्रौढ) हरूका लागि अन्तरवार्ता सूची

१) तपाईको घरमा कति परिवार संख्या हुनुहुन्छ ?

२) तपाइँको घरमा विद्यालय उमेरका बालबालिका कति छन् ?

(क) छोरा (ख) छोरी

३) सबै छोराछोरीलाई विद्यालय पठाउनु भएको छ ?

(क) छ (ख) छैन ।

४) नपठाएको भए किन ?

५) विद्यालय जाने छोराछोरीलाई कापी, कलम, कपडा समयमा किनीरहनु हुन्छ ?

६) घरमा छोराछोरीले कत्तिको पढ्छन् ?

७) छोराछोरी गाउँमा घुम्दा, खेल्दा कहाँ जान्छन् ध्यान दिनु भएको छ ?

८) छोराछोरीको पढाइबारे सोध्न विद्यालयमा जानु हुन्छ ?

९) प्रौढ शिक्षा पढ्नु भएको छ ?

१०) तपाइँहरूका शिक्षा सम्बन्धी समस्याहरू के के छन् ?

११) तपाइँहरूको शिक्षाको विकास गर्न के-के गर्नुपर्ला ?

## अनुसूची-२

## थारु बालबालिकाहरूका लागि अन्तरवार्ता सूची

१) घरमा सबै भाइ-बहिनी विद्यालय आउँछौं ?

(क) आउँछौं (ख) आउँदैनौं

२) कक्षामा कहाँ बस्छौं ? शिक्षकले पढाएको बुझ्छौं ?

(क) अगाडि (ख)बीचमा (ग) पछाडि

३) बुबा-आमाले कापी, कलम, कपडा समयमा नै किनिदिनु हुन्छ ?

४) घरमा के गर्छौ ?

(क) पढ्छौ (ख) काम गर्छौ (ग) खेल्छौं

५) खेल्दा, गाउँ घुम्दा बुबा-आमाले के भन्नुहुन्छ ?

६) बुबा-आमा, दाजी-दिदीहरूले पढ्नु भएको छ ?

७) तिमी विद्यालयमा पढ्न किन नगएको ?

(क) कामले फुर्सद नभएर (ख) कपडा, कापी, कलम किन्ने पैसा नभएर

(ग) बढी उमेर भएर

८) के काम गर्छौ ?

(क) गाई-भैंसी चराउने (ख) खेतीपाती, घाँसदाउरा ल्याउँने

(ग) अरूको घरमा काम गर्ने (घ) मजदुरी गर्ने

९) तिमीहरूलाई कसरी शिक्षा दिए पढ्छौ ?

१०) विद्यालयमा भाषाको समस्या हुन्छ ?

## अनुसूची-३
## शिक्षकहरूका लागि प्रश्नावली सूची

१) विद्यालयमा कुन जातिका विद्यार्थी बढी छन् ?

(क) ब्राहमण-क्षेत्री (ख) थारु (ग) अन्य

२) कुन जातिका विद्यार्थीहरू पढाइमा सक्रिय छन् ?

(क) ब्राहमण-क्षेत्री (ख) थारु (ग) अन्य

३) थारु विद्यार्थीहरूको क्रियाकलाप र सक्रियता कस्तो पाउनु भएको छ ?

४) थारु विद्यार्थीहरूको उपलब्धि न्यून हुनाका कारणहरूबारे के अनुभव गर्नु भएको छ ?

५) बालबालिकाको शिक्षामा कसको जिम्मेवारी बढी हुन्छ ?

(क) अभिभावक र समुदायको (ख) विद्यालयको (ग) सरकारको

६) कक्षामा विभिन्न समुदायका विद्यार्थीहरूलाई पढाउँदा कस्ता समस्याहरू पाउनु भएको छ ?

७) कमजोर अवस्थाका विद्यार्थीलाई उकास्न विद्यालयले कस्ता-कस्ता उपायहरू अपनाएको छ ?

८) समुदाय, अभिभावक र विद्यालयको सम्बन्ध कस्तो छ ?

९) विद्यालयका समस्याहरू के-के छन् ?

१०) विद्यालयका समस्या समाधन गर्न सरोकारवालाहरूले के-के गर्नुपर्ला ?

## अनुसूची-४

## सरकारी र गैर-सरकारी निकायका लागि प्रश्नावली सूची

१) तपाईको संस्थाले 'सबैका लागि शिक्षा' (EFA) कार्यक्रमलाई कसरी सहयोग गरेको छ ?

२) सरकारी कार्यालयको मुख्य दायत्व के हो ?

३) सबै बालबालिकाका विद्यालय आउन नसक्ने कारणहरू के होलान् ?

४) विद्यालयमा सहभागिता कसरी बढाउन सकिन्छ ?

५) आदिबासी, जनजाति र सुबिधाबिहीनहरूका शैक्षिक समस्याहरू के-के हुन् ?

६) सुबिधाविहीन वर्गलाई शिक्षामा समान अवसर (Equality) र निष्पक्षता (Equity) प्रदान गर्न कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ला ?

७) अनौपचारिक शिक्षा कत्तिको प्रभावकारी भएको छ ?

८) अनौपचारिक शिक्षामा कस्तो-कस्तो विषयवस्तु पढाइन्छ ?

९) गैर-सरकारी संस्थाको भूमिका के छ ?

**(समाप्त)** ॥